प्रतिदिन १८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ०११ ॥ २०८२ माघ २७ गते मंगलबार (10th Feb 2026 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# डोमालालको परिवारको कुण्ठामा झापा गोल्डकपको सान्त्वना

झापा,माघ २६ ।झापा गोल्डकपले जग्गादाता स्वर्गीय डोमालाल राजवंशीको अर्धकदको शालिक अस्थायी रुपमा भएपनि अनावरण गरेर दाता परिवारको कुण्ठामा अलिकति सान्त्वना दिएको छ ।

डोमालाल राजवंशीले दान दिएको करोडौ मूल्यको डोमालाल राजवंशी रंगशालामा सातौ पटक झापा गोल्डकप संचालन भइरहँदा समेत आफूहरुको माग संबोधन नभएको भन्दै दाता परिवारसंगै सिंगो राजवंशी समुदायले गुनासो गर्दै आएका थिए । जग्गादाता डोमालाल राजवंशीको शालिक निर्माण गरिनु पर्ने , डोमालाल राजवंशीले दिएको जग्गामा करोडौको बजेटमा प्रतियोगिता गराइरहँदा दाता परिवारको हालको अबस्थालाई मनन गरी कम्तीमा ५ लाख रुपैयाँ उपलब्ध गराउनु पर्ने , डोमालाल राजवंशी रंगशालासंग सम्बन्धित गोल्डकप आयोजक समिति,संरक्षण समितिलगायतका समितिहरुमा दाता परिवारका एकजना सदस्य र राजवंशी समुदायको प्रतिनिधित्व हुनुपर्ने र डोमालालको परिवारले चर्चेको जग्गा उनीहरुकै स्वामित्वमा हस्तान्तरण गरिनु पर्ने माग छैठौ झापा गोल्डकपकै बेला राखिएको थियो । जुन मागप्रति तत्कालीन अध्यक्ष बिनोद बस्नेत सकारात्मक भएका थिए । विभिन्न चार बुँदे मागसहितको ज्ञापनपत्र दुई वर्षअघि २०८० फागुन ८ गते आफूहरुले झापा गोल्डकपका अध्यक्ष बस्नेत र बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईलाई बुझाएको प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशीले स्मरण गराए । ती मागहरुप्रति आफूहरु सकारात्मक रहेको प्रतिक्रिया दिँदै



अध्यक्ष बस्नेतले डोमालालको शालिक निर्माण गर्नका लागि अर्डर गरिसकेको र आफ्नै कार्यकालमा सो शालिक स्थापना गरिने आश्वस्त पारेका थिए । त्यस्तै छैठौं गोल्डकपबाट डोमालालको परिवारलाई २५ हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरिएकोमा बचत भएमा त्यसलाई थपेर एक लाखसम्म सहयोग गर्ने आश्वासन दिएका थिए । जुन बस्नेतले पूरा पनि गरेका थिए । त्यस्तै डोमालाल राजवंशी रंगशालासंग सम्बन्धित गोल्डकप आयोजक समिति,संरक्षण समितिलगायतका समितिहरुमा दाता परिवारका एकजना सदस्य र राजवंशी समुदायको प्रतिनिधित्व हुनुपर्ने मागप्रति पनि उनी सकारात्मक देखिएका थिए । सोही मागसहितको ज्ञापनपत्र बिर्तामोड नगरपालिकाका नगर प्रमुख प्रसाईलाई बुझाउँदा उनले ती मागका सम्बन्धमा कार्यपालिकाको बैठकमा छलफल गराउने आश्वासन दिएकी थिइन् । पूर्व अध्यक्ष बस्नेतले जीवित रहँदै डोमालालको शालिक भारतमा निर्माण गरी ल्याइसकेका थिए भने छैठौ गोल्डकपपछि डोमालालकी छोरी सम्पत्तिको घर निर्माण गर्न आर्थिक संकलन थालेका थिए । त्यसक्रममा सहयोगीहरुबाट करिव १५ लाख रुपैयाँ सहयोग दिने बचन प्राप्त भएको थियो । शालिक निर्माण भएर आइसकेको अबस्थामा र घर निर्माणका लागि सहयोग गर्न सहयोगीहरु तयार रहेको अबस्थामा समेत दुई वर्षसम्म न शालिक स्थापना भयो न घर नै निर्माण भयो । बिर्तामोड नगरपालिका र ३ नं वडा कार्यालयले जग्गा व्यवस्थापन नगरिदिएको भन्दै गोल्डकप परिवार पन्छिदै गयो । त्यसबीचमा अध्यक्ष बस्नेतको अकल्पनीय निधन भएपछि डोमालालको परिवारलाई झनै बेवास्ता गरियो । गोल्डकपको सचिवालयमा डोमालालको शालिक अलपत्र पर्‍यो । जसका कारण डोमालालको परिवार र सिंगो राजवंशी समुदाय नै कुण्ठित बनेको थियो ।

सातौ गोल्डकपको पूर्वसन्ध्यामा वर्तमान अध्यक्ष केदार गिरीले हठात संझिएर आफूहरुलाई बोलाएर छलफल गरेपछि करिव दुई वर्षदेखि अलपत्र डोमालालको शालिकलाई अस्थायी रुपमै भएपनि उद्घाटनका दिन अनावरण गरिएको सम्पादक राजवंशीले बताए ।

छलफलमा दाता परिवार र राजवंशी समुदायमाथि उपेक्षा गरिएको भन्दै आफूहरुले आफ्ना माग सुनुवाई नभएकोतर्फ ध्यानाकर्षण गराएको राजवंशीले जानकारी दिए । डोमालालको शालिक अस्थायी रुपमा मात्र अनावरण भएको हो । गोल्डकप समापन भएपछि त्यसलाई फेरि सचिवालयमा राखिने भएको छ । त्यसकारण दीगो र व्यवस्थित रुपमा चाँडो भन्दा चाँडो शालिक पुनर्स्थापना गर्ने र छोरी सम्पत्तिको घर निर्माण गरिदिने प्रतिवद्धता पूरा गर्न बाँकी रहेको राजवंशी समाज विकास समिति बिर्तामोडका अध्यक्ष सुमन राजवंशीले बताए । ती दुवै काम पूरा गर्ने अध्यक्ष गिरीले प्रतिवद्धता जनाएका छन् ।त्यस्तै डोमालालको परिवारका लागि २५ हजार रुपैयाँ दिने निर्णय गरिएकोमा त्यसलाई बढाएर उद्घाटनका दिन एक लाख रुपैयाँ सहयोग प्रदान गरिएको थियो । करिव १३ विगाह जग्गा दान दिएका डोमालाल राजवंशीको परिवारको अवस्था अहिले अत्यन्त नाजुक रहेको छ ।

दुईवटा शेर एउटै जंगलमा
# ओली र बालेनको भेट हुन नदिन प्रहरी सतर्क

झापा, माघ २६ । आगामी निर्वाचनका लागि झापा ५ मा उम्मेदवारी दिएका एमाले अध्यक्ष केपी ओली र रास्वपाका वरिष्ठ नेता बालेन शाहले एकैसाथ घरदैलो कार्यक्रमलाई निरन्तरता दिएका छन् ।





यसअघि अधिपछि घरदैलो गरेका उनीहरुले आइतवारदेखि एकैसाथ घरदैलो गरिरहेका छन् । आइतवार बालेनले दमकको वडा नं ५ र ७ मा घरदैलो गर्दा ओली कमल गाउँपालिकामा घरदैलोमा व्यस्त रहेका थिए ।

आइतवार बिहान करिव ११ बजेदेखि कमल गाउँपालिकाको पाडाजुँगीबाट घरदैलो शुरु गरेका ओलीले गणेश मन्दिर, टुक्रे ,स्वामी चौक ,गजुरमुखी टोल ,खयरबारी , झर्का , बाह्रघरे , रङपुर , गेउरिया ,दही चौकलगायतका ठाउँमा पुगेर मतदातासंग भेट गरेका थिए ।

त्यस्तै दिउँसो साढे ३ बजेबाट घरदैलो थालेका बालेनले पशुहाट , नमूना बस्ती , दुर्गा मन्दिर , शिवालय मन्दिर , बेलडाँगी चोक , गोलाटार , ढुकुरपानी , हिमाली मावि अगाडि , पांगिनी चोक , धिमाल बस्ती , डिकुचोकमा मतदाताहरुसंग भेटघाट गरी भोट मागेका थिए । ओली र शाहले आइतवार निर्वाचन क्षेत्रको दुई फरक दिशामा घरदैलो गरेका थिए ।

ओलीको सोमवार सीमावर्ती दक्षिणी गाउँ गौरीगञ्जमा घरदैलो गरेका छन् । त्यस्तै बालेनले कमलमा घरदैलो गरेका छन् ।बालेनले आइतवार दमकमा रहेको एमालेको सम्पर्क कार्यालयमा समेत पुगेर भोट मागेका थिए । एक अर्काको खरो प्रतिष्पर्धी मानिएका ओली र बालेनबीच घरदैलोका क्रममा भेट हुन नदिन प्रहरी सतर्क रहेको इलाका प्रहरी कार्यालय दमकका डीएसपी किशोर लम्सालले बताए । उम्मेदवारी दर्ताकै दिन एमाले र रास्वपाका कार्यकर्ताबीच दमकमा झडप भएको थियो ।

# झापा ५ का सर्वसाधरणमा सुरक्षा चिन्ता

झापा । झापाको निर्वाचन क्षेत्र नम्बर ५ मा पर्ने दमक नगरपालिका-६ का भरतकुमार श्रेष्ठ आगामी फागुन २१ गते निर्वाचन नै नहुने हो कि भन्ने शंका गर्छन् । उनले हल्ला सुनेका छन्, ‘यहाँ भावी प्रधानमन्त्रीका उम्मेदवारहरू कुनै एक जनाले चुनाव हार्ने भए भने ठुलै दुर्घटना वा हुलदंगा हुन्छ र मान्छे मर्छन् । त्यस्तो दुर्घटना भएपछि निर्वाचन स्थगित हुन्छ ।’

‘हैन यहाँ चुनाव हुनचाहिँ दिन्छन् ? हार्ने निश्चित भएपनि कुनै पक्षले चुनाव हुन नदिन ठुलै घटना गराउँछन् भन्ने सुनिन्छ त ?,’ उनले पनि प्रश्न गरे । २५ वर्षदेखि दमकमा जुत्ता व्यवसाय गरेर बसेका उनलाई अहिलेको जस्तो संशय यसअघि कहिल्यै भएको थिएन ।

झापा क्षेत्र नम्बर ५ देशभरकै सबैभन्दा बढी चर्चामा रहेको क्षेत्र हो । यहाँबाट पूर्वप्रधानमन्त्रीसमेत रहेका एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेका काठमाडौंका पूर्वप्रमुख बालेन्द्र शाह प्रतिस्पर्धामा छन् । दुवैको प्रतिस्पर्धा तीव्र बन्दै जाँदा सुरक्षा चिन्ता पनि बढ्दै गएको छ । दमकमा माघ ४ गते मनोनयन दर्ताकै दिन एमालेका कार्यकर्ता र रास्वपाका कार्यकर्ताबिच सामान्य झडप भएको थियो ।

झापा-५ बाट उम्मेदवारी दिएका रास्वपाका शाहले उम्मेदवारी दर्ताको समयमै हतास देखिएका थिए । मनोनयनका लागि निर्वाचन कार्यालयतर्फ अगाडि बढिसकेपछि रास्वपाका समर्थक र एमाले कार्यकर्ताबिच कुटाकुट र धकेलाधकेल भएको थियो । त्यतिबेलै खुम झाँक्री मगर नामको फेसबुक आइडिबाट पोस्ट भएको भिडियोमा बालेन शाहलाई गोली हान्नुपर्छ भनेर संवाद गरिएको थियो । उक्त झडप हुनु र गोली हान्नुपर्छ भनेको भिडियो सार्वजनिक भएपछि बालेन साहले उतिबेलै आफूलाई सुरक्षा थ्रेटको महसुस गरेका थिए । त्यसै दिनदेखि सर्वसाधरणमा सुरक्षा चिन्ता अझै हट्न सकेको छैन ।

कोशी प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) विनोद घिमिरेले भयरहित वातावरणमा निर्वाचन गराउन उपर्युक्त सुरक्षा प्रबन्ध रहेको बताए । ‘चुनाव हुन सबैभन्दा पहिले जनताले सुरक्षित महसुस गर्नु सबैभन्दा ठुलो र पहिलो कुरा हो, त्यो वातावरण अहिले बिग्रिएको छैन । चुनाव हुँदैन भन्ने किसिमको हल्ला त जुन दिन सरकारबाट मिति घोषणा भयो, त्यही दिनदेखि नै थियो । तर अहिले यति धेरै प्रक्रियाहरू अगाडि बढिसकेका छन्, निर्वाचन सामग्रीहरू आइसकेका छन्, कर्मचारीहरू अरनखटन (परिचालन) भइरहेका छन् । त्यसैले अब चुनाव नहुने भन्ने कुरामा कुनै शंका रहेन,’ उनले भने ।

यद्यपि उनले झापा ५ को अवस्था विशिष्ट रहेको र सुरक्षाको व्यवस्था सोहीअनुसार भएको उनले बताए । ‘झापा ५ मा दुई जना भावी प्रधानमन्त्रीका उम्मेदवारहरू हुनुहुन्छ, त्यसैले अन्य क्षेत्रको तुलनामा यहाँको सुरक्षाको गम्भीरता बढी हुनु स्वाभाविक हो । यसलाई हामीले गम्भीरतापूर्वक लिएका छौँ । अन्य क्षेत्रमा प्रहरीले जसरी सुरक्षा व्यवस्था मिलाइरहेको छ, झापा ५ मा हामीले मनोनयन दर्ताकै दिनदेखि नै विशेष ध्यान दिएका छौँ,’ घिमिरेले भने ।

सुरक्षा चिन्ताकै कारण झापामा थप सुरक्षाकर्मी परिचालन र प्रविधिको प्रयोग गरिएको छ । ‘हामीले त्यहाँ थप १०० जना प्रहरीहरू खटाएका छौँ । जसमा दुई जना इन्स्पेक्टरहरू हुनुहुन्छ र डीएसपी पनि त्यहाँ जानुहुन्छ । हामीले सुरक्षाका लागि प्रविधिको पनि प्रयोग गरेका छौँ । साथै, सादा पोसाकका प्रहरीहरूलाई सूचना संकलनका लागि परिचालन गरिएको छ,’ डीआईजी घिमिरेले भने, ‘निर्वाचन हुँदैन वा केही दुर्घटना हुन्छ भन्ने कुराहरू सबै मनगढन्ते हुन् । मान्छेहरूले आफैँले बनाएको कल्पना मात्र हो । चुनाव शान्तिपूर्ण रूपमै हुन्छ, यसमा ढुक्क भए हुन्छ ।’

डीआईजी घिमिरेले विपक्ष वा अन्य समूहको गतिविधिमा निगरानी गरिरहेको पनि बताए । ‘चुनाव बिथोल्न सक्ने त्यस्ता तत्त्वहरूको हामीले पहिचान गरेका छौं । उनीहरूको गतिविधि र सम्भावित व्यक्तिहरू को-को हुन् भन्ने सबै सूचना हामीसँग छ । हामीले उनीहरूलाई निगरानीमा राखेका छौं । उनीहरूले कुनै पनि अप्रिय घटना घटाउन सक्दैनन्,’ घिमिरेले भने, ‘जुन ठाउँ अलि अप्ठ्यारो छ भनिन्छ, त्यहाँ हामीले बढी सावधानी अपनाएका छौं । झापा ५ मा अन्य ठाउँभन्दा झन् शान्तिपूर्ण रूपमा निर्वाचन हुन्छ । यसमा कोही पनि असुरक्षित महसुस गर्नुपर्ने कारण छैन ।’

निर्वाचनको मिति नजिकिँदै जाँदा सो निर्वाचन क्षत्रमा भने सम्भावित सुरक्षा जोखिमलाई मध्यनजर गर्दै प्रहरीले दमकसहितका क्षेत्रमा कुकुर परिचालनसहितको सघन खानतलासी र चेकजाँच अभियानलाई तीव्र पारेको छ ।

दमकमा आयोजित सर्वदलीय छलफलमा राजनीतिक दलहरूले विगतमा घर र सरकारी कार्यालय जलाउने गतिविधिमा संलग्न व्यक्तिहरू नै अहिले निर्वाचन अभियानमा सक्रिय रहेको भन्दै सुरक्षा चिन्ता व्यक्त गरेका थिए । सामाजिक सञ्जालहरूमा समेत उम्मेदवारलक्षित धम्कीपूर्ण अभिव्यक्ति आउनुले सुरक्षा थ्रेट बढाएको उनीहरूको दाबी छ । यस्तै नेकपा एमालेका अध्यक्ष ओली र रास्वपा नेता शाहबिचको घरदैलो कार्यक्रम जुध्ने अवस्थाले पनि झडप हुनसक्ने सुरक्षाकर्मीको अनुमान छ । आइतबार कमल गाउँपालिकाका विभिन्न टोलमा ओली पुगेको भोलिपल्टै शाह पनि पुगेका थिए । दुई पक्षका समर्थकबिच जम्काभेट हुँदा नाराबाजी र मुठभेड हुन सक्ने प्रहरीको आकलन छ ।

❖ बाँकी पृष्ठ ४ मा

# झापाली समाज अस्ट्रेलियाको अध्यक्षमा राजवंशी निर्वाचित



नेपालीहरूको साझा संस्था झापाली समाज अस्ट्रेलियाले आफ्नो १३औँ वार्षिकोत्सव तथा ७औँ वार्षिक साधारण सभा सम्पन्न गर्दै अजय राजवंशीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ।

सिड्नीको ग्रानभिलस्थित रातो घरमा सम्पन्न साधारणसभाले निर्विरोध रूपमा नयाँ नेतृत्व चयन गरेको हो।

कार्यक्रममा निर्वतमान अध्यक्ष अशोक उप्रेतीको नेतृत्वमा रहेको कार्यसमितिले एक समारोहबीच नव-निर्वाचित पदाधिकारीहरूलाई पद तथा गोपनीयताको शपथसहित जिम्मेवारी हस्तान्तरण गरेको थियो। निर्वाचन समितिका तर्फबाट जविन श्रेष्ठ, अशोक ओली र सीताराम घिमिरेले शपथ ग्रहण गराएका थिए।

नयाँ कार्यसमितिमा अध्यक्ष अजय राजवंशी चयन भएका छन्। उपाध्यक्षमा मदन धौराली, सचिवमा दिपेन्द्र ओडारी, सह-सचिवमा कौशलराज सिटौला र कोषाध्यक्षमा लुना सिवाकोटी निर्वाचित भएका छन्। यस्तै कार्यसमिति सदस्यहरूमा सञ्जीव पराजुली, रोशन धौराली, प्रल्हाद घिमिरे, अशोक बी. भेटवाल, हिमाल कडरिया, नवीन गौतम, जनक उप्रेती, अमित श्रेष्ठ, दिपेन्द्र बुढाथोकी र चन्द्रकुमार ढकाल रहेका छन्।

नव-निर्वाचित अध्यक्ष राजवंशीले समाजले आफूलाई विश्वास गरेर जिम्मेवारी सुम्पिएकोमा आभार व्यक्त गर्दै एकता, पारदर्शिता र सहकार्यलाई प्राथमिकतामा राखी झापाली पहिचान, संस्कृति र भविष्यको संरक्षणमा समर्पित भएर काम गर्ने प्रतिबद्धता जनाए। उनले अष्ट्रेलियामा रहेर सामाजिक, सांस्कृतिक तथा परोपकारी अभियानहरूलाई थप सशक्त बनाउने लक्ष्य रहेको बताए।

कार्यक्रममा अन्तर्राष्ट्रिय झापाली समाजका तर्फबाट प्रतिनिधित्व गर्दै संरक्षक भवानी ओली, संरक्षक दिनेश पोखरेल, उपाध्यक्ष दीपक चुडाल, कोषाध्यक्ष उमेश पोखरेल, पूर्व उपाध्यक्ष सन्तोष सिटौला, पूर्व उपाध्यक्ष भूपाल सिटौला र पूर्व महासचिव रूपराज मैनाली सहभागी भएका थिए। उनीहरूले विश्वभर छरिएर रहेका झापाली समुदायलाई एकआपसमा जोड्न झापाली समाज अस्ट्रेलियाको भूमिकाको प्रशंसा गर्दै नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गरे।

यसका साथै कार्यक्रममा एनएसडब्लु राज्यका वाणिज्यदूत संजिव शर्माले प्रवासी संस्थाहरूले मुलुकको सामाजिक र आर्थिक विकासमा खेलेको भूमिकाको चर्चा गर्दै नयाँ नेतृत्वलाई बधाइ ज्ञापन गरे। एनआरएनए ओसेनिया संयोजक दिनेश पोखरेल, उप-संयोजक अरुण ठाकुर, एनआरएनए कोषाध्यक्ष निजन चौलागाई, नयाँका अध्यक्ष बीपिन थापा, सामाजिक अभियन्ता केशव जोशी, डा. राजु मानन्धर, अस्ट्रेलियन नेपाली पत्रकार संघका अध्यक्ष कृष्ण तिवारी, चलचित्र निर्देशक शोभित बस्नेत तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

झापाली समाज अस्ट्रेलियाले विगत १३ वर्षदेखि अष्ट्रेलियामा बसोबास गर्ने झापाका नेपालीहरूलाई एकताबद्ध गर्दै सामाजिक सेवा, सांस्कृतिक संरक्षण र आपसी सहयोगका क्षेत्रमा निरन्तर योगदान दिँदै आएको छ।

# दिगो वन व्यवस्थापनका लागि चन्द्रगढी वनको साधारण सभा

भद्रपुर । भद्रपुर ९ स्थित चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहको तेस्रो विशेष साधारण सभा तथा परिषद भेला सम्पन्न भएको छ ।

दिगो वन व्यवस्थापनका लागि कार्यदेश लिन समूहको तेस्रो विशेष साधारणसभा परिषद भेलामार्फत सम्पन्न गरिएको हो । भद्रपुर ९ स्थित मुना सामुदायिक भवनमा सम्पन्न सभाको भद्रपुर नगरपालिकाकी उपप्रमुख राधा कार्कीले विरूवामा पानी हालेर उद्घाटन गरेकी थिइन् । समूहको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष अनुज खतिवडाले दिगो वन व्यवस्थापन गर्नसके वनको संरक्षण र स्थानीय उपभोक्ताको जीविकोपार्जनका लागि महत्वपूर्ण अवसर निर्माण हुने तथ्य पेश गरेका थिए । अध्यक्ष खतिवडाले दिगो वन व्यवस्थापनको उपयोगिताबारे जानकारी दिँदै प्रस्तावित वन कार्यविधिको उद्देश्य, सञ्चालन हुने प्रकृया तथा वन कार्ययोजनाका बारेमा विस्तृत विवरणसमेत प्रस्तुत गरेका थिए । डिभिजन वन कार्यलय झापाका वन विज्ञ परमेश्वर पासवानले कार्यक्रमको सहजीकरण गर्दै दिगो वन व्यवस्थापन गर्न आवश्यक रूपमा वन सुधार गर्दै लैजानु पर्नेमा जोड दिए । उनले वन सम्पदालाई व्यवस्थित रूपमा सञ्चालन गर्न पनि वैज्ञानिक वन व्यवस्थापन आवश्यक पर्ने जानकारी दिँदै उपभोक्ता, समिति र वन प्राविधिकको त्रिपक्षीय सहभागितामा दिगो वन व्यवस्थापन सफल हुने प्रष्ट पारेका थिए । कार्यक्रममा प्रमुख अतिथि नगर उपप्रमुख कार्की, राष्ट्रिय स्वतन्त्र पार्टीका ढाकालाल अधिकारी , नेपाली कांग्रेसका चेतनाथ भट्टराई , राप्रपाका गोकुलप्रसाद ढकाल, अग्रज व्यक्तित्व विष्णुप्रसाद शिवाकोटी, वन उपभोक्ता महासंघका वेदप्रकाश भण्डारी, समितिका पूर्व अध्यक्ष हिराप्रसाद पोखरेल, भद्रपुर ९ की वडा सदस्य मञ्जु दाहाललगायतले मन्तव्य राख्दै पर्यावरण सन्तुलनका लागि वन सम्पदा महत्वपूर्ण रहेको भन्दै विनास र चोरी तस्करी रोक्ने गरी दिगो वन व्यवस्थापन हुनु पर्ने धारणा राखेका थिए । समूका अध्यक्ष खतिवडाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको स्वागत मन्तव्य उपाध्यक्ष श्रीमननारायण पौडेल र सञ्चालन सचिव कमला थापाले गरेका थिए भने सभाले वन समूहले राखेको वैज्ञानिक वन व्यवस्थापनको कार्यादेश सर्वसम्मत पारित गर्दै दिगो वन व्यवस्थापनका लागि बाटो खोलिदिएको छ । दिगो वन व्यवस्थापनको अवधारणा अनुसार ८ वटा ब्लकमा वन क्षेत्र विभाजन गर्दै पुराना रूख हटाउँदै जाने र नयाँ विरूवा उमार्ने, हुर्काउने र वन क्षेत्र हराभरा बनाउने गरी वन व्यवस्थापन गर्ने नीति सरकारी स्तरमा रहेकोले सोही अनुसार समूहले पनि यस अवधारणामा जान आम उपभोक्ताबाट स्वीकृति लिएको हो ।

# मतदाता शिक्षा विशेष कार्यक्रम फागुन ३ देखि

काठमाडौँ, माघ २६ । फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि फागुन ३ देखि १७ गतेसम्म मतदाता शिक्षा विशेष कार्यक्रम सञ्चालन हुने भएको छ ।




निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचन सफल बनाउन मतदाताको सचेत सहभागीता अनिवार्य हुने भएकाले आम-नागरिकलाई निर्वाचन प्रक्रिया, मताधिकारको महत्व तथा मतदान विधिबारे समयमै जानकारी दिन सो कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

नेपालको संविधान, निर्वाचनसम्बन्धी प्रचलित कानुन, मतदाता शिक्षा नीति, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ को दफा १७ बमोजिम मतदाता शिक्षा तथा निर्वाचन प्रचारप्रसार गर्ने उद्देश्यले मतदाता शिक्षा विशेष कार्यक्रम तयार गरेको आयोगले जनाएको छ । उनले प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष तथा विश्वसनीय वातावरणमा सम्पन्न गर्नु निर्वाचन आयोगको प्रमुख दायित्व भएको बताए ।

देशभरका ६ हजार ७४३ वडामा सो समयमा मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिने उनको भनाइ छ ।

# राजस्व छलीको आशंकामा दुईवटा ट्रक नियन्त्रणमा

विराटनगरमा कपडा लोड गरिएको दुईवटा ट्रक प्रहरीले नियन्त्रणमा लिएको छ। भन्सार एवं राजस्व छलीको आशंकामा ट्रक नियन्त्रणमा लिइएको हो।

रानी-र ोडशेष सडक खण्डअन्तर्गत विराटनगर महानगरपालिका-१४ नेपाल टेलिकम अगाडिबाट चालकसहित ट्रक नियन्त्रणमा लिएर अनुसन्धानको दायरामा ल्याइएको मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी हरिनन्दन चौधरीले बताए। उनका अनुसार भारतबाट नेपाल प्रवेश गरेका प्र ३-०१-००५ ख ९४२५ र प्र ३-०१-००६ ख १३०८ नम्बरको ट्रक नियन्त्रणमा लिइएको हो। ९४२५ नम्बरको ट्रकका चालक सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-९ का ४९ वर्षीय ऋषिराम पौडेल र अर्को ट्रकका चालक रामेछापको मन्थली नगरपालिका-१० का ३७ वर्षीय कुमार बुढाथोकी हुन्। लत्ताकपडा लोड गरिएको ट्रक नियन्त्रणमा लिएर दुवै चालकलाई पक्राउ गरिएको चौधरीले बताए। उनका अनुसार बिल बीजकभन्दा बढी कपडा लोड रहेको र भन्सार मूल्यांकन कम गरेर राजस्व चुहावट एवं भन्सार छली गरिएको भन्ने सूचनाका आधारमा चालकसहित दुवै ट्रकलाई नियन्त्रणमा लिइएको हो।

ट्रकमा लोड गरिएको लत्ताकपडाको अन्दाजी मूल्य १ करोड ८१ लाख २६ हजार ८७ रूपैयाँ रहेको अनुमान गरिएको छ। चालकसहित नियन्त्रणमा लिइएको ट्रकलाई प्रहरीले आवश्यक अनुसन्धान एवं कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय इटहरीमा बुझाएको छ। यस विषयमा प्रहरीले पनि अनुसन्धान गरिरहेको छ।

# झापा १ मा जनमुक्तिले नेकपालाई सघाउने

झापा , माघ २६ । झापा क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका नेपाल जनमुक्ति पार्टीका खान्द्र करुवाले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार अशेष घिमिरेलाई समर्थन गर्ने घोषणा गरेका छन्। 'घर' चुनाव चिन्ह लिएर मैदानमा उत्रिएका करुवाले घिमिरेको राजनीतिक एजेन्डा र भिजनसँग आफ्नो सहमति रहेको भन्दै समर्थन जनाएका हुन् ।




दुई स्वतन्त्रसहित १५ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेको यस क्षेत्रमा उनीबाहेक १४ जना चुनावी मैदानमा छन् ।

यस क्षेत्रमा एमालेका रामचन्द्र उप्रेती र कांग्रेसका केशवराज पाण्डे र राष्ट्रिय स्वतन्त्र पार्टीका निशा डाँगी मुख्य प्रतिस्पर्धीका रूपमा देखिएका छन् ।

त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का हेमराज कार्की, श्रम संस्कृति पार्टीका केवलराम राई, राष्ट्रिय सद्भावना पार्टीका ओलिन राजवंशी, उज्यालो नेपालका नरेशकुमार लावती, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चवाट मानवहादुर साँवा, जसपा नेपालबाट रमा मेचे, मंगोल नेशनल अर्गनाइजेसनबाट सन्तोष तामाङ, नेपाल मजदुर किसान पार्टीबाट हिरण्य भट्टराई पनि चुनावी अभियानमा आक्रामक रूपले लागेका छन् । ठूला दलका उम्मेदवारहरूबीच कडा प्रतिस्पर्धा हुने आँकलन गरिएको झापा-१ मा साना दल र स्वतन्त्र उम्मेदवारहरूको भूमिका निर्णायक मानिन्छ ।

### झापा ५...

दमकको बसपार्क, ताराबारी र हबल्दार चोकजस्ता सीमा क्षेत्रमा हुने आवतजावतलाई लक्षित गरी आपराधिक गतिविधि हुन सक्ने प्रहरीको अनुमान छ ।

सुरक्षा मजबुत बनाउनकै लागि केनाइन शाखा धरानबाट प्रहरी नायव निरीक्षक यमबहादुर श्रेष्ठको कमान्डमा तालिमप्राप्त कुकुरसहितको टोली परिचालन गरिएको छ । उक्त टोलीले विस्फोटक पदार्थ, लागूऔषध र अवैध सामग्रीको खोजी गरिरहेको छ । हालसम्मको चेकजाँचका क्रममा ४८७ जना पैदल यात्रीको परिचय जाँच गरिएको छ भने २९ वटा बस, ३८ वटा मोटरसाइकल र ३० वटा सिटी सफारीसहित दर्जनौं सवारी साधनको सूक्ष्म निगरानी गरिएको छ । अहिले झापा ५ मा ओली र शाहको घरदैलोले रौनक बढाएको छ । ओली गौरीगञ्ज र कमल गाउँपालिका केन्द्रित छन् भने शाह पनि सोही क्षेत्रमा व्यस्त छन् । यता नेपाली कांग्रेसकी उम्मेदवार मन्धरा पौड्याल, नेकपाका रञ्जित तामाङ र राप्रपाका लक्ष्मीप्रसाद संग्रौला पनि आ-आफ्नो रणनीतिसहित मतदाता रिझाउन व्यस्त छन् ।चुनावी प्रतिस्पर्धा जति पेचिलो बन्दैछ । सुरक्षा निकायका लागि यो क्षेत्र त्यति नै चुनौतीपूर्ण बन्दै गएको छ ।

# बैंकिङ कसुरमा कन्काईबाट एकजना पक्राउ

झापा, माघ २६ । बैंकिङ कसुरमा झापाको कन्काईबाट एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा ताप्लेजुङ



फुङलिङ गाउँपालिका वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाण्डौं महानगरपालिका वडा नं. ३२ कोटेश्वर बस्ने ४७ वर्षीय सुमन दाहाल रहेका छन् ।

आइतवार साँझ ६.४० बजे कन्काई ४मौरीपालन टोलस्थित आफन्तको घरबाट उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी परिसर भद्रकाली काठमाण्डौंमा उजुरी परेकाले दाहाललाई काठमाण्डौं पठाउने तयारी भइरहेको जनाइएको छ ।

# साहित्य चौतारीद्वारा पोडकास्ट साहित्यिक कार्यक्रम शुरु

बिर्तामोड ।साहित्य चौतारी बिर्तामोडले समयको मागलाई ध्यानमा राखेर साहित्य चौतारीको डिजिटल प्रशारण (पोडकास्ट) 'साहित्य चौतारीसँग स्रष्टा' शुभारम्भ गरेको छ । चौतारीले सोमवार बिर्तामोडमा एक समारोहकाबिच साहित्य चौतार ीसँग स्रष्टा शुभारम्भ कार्यक्रम उद्घाटन गरेको हो ।

साहित्य चौतारीका संस्थापक संरक्षक तथा अध्यक्ष देबीभक्त श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा साहित्य चौतारीका संस्थापक सल्लाहकार तथा साहित्यकार कृष्ण धरावासीको प्रमुख आतिथ्य रहेको थियो ।

प्रमुख अतिथि धरावासी, अग्रज गायक तथा संगीतकार डा. टीका भण्डारी, कानुन ब्यवसायी लीला उदासी, अनिरुद्र ओलीलगायतले संयुक्त रुपमा पोडकास्टको उद्घाटन गरेका हुन् ।

होटल हिंकोला हेरिटेज प्रालि काँकरभिट्टा शाखाको छैटौं वार्षिकोत्सवको अवसरमा पर्यटन प्रवर्द्धनमा साहित्य, सङ्गीत र सञ्चारको भूमिका विषयक अन्तरक्रिया तथा पोडकास्ट 'साहित्य चौतारीसँग स्रष्टा' को शुभारम्भ गरिएको हो ।

स्वागत तथा कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै अध्यक्ष देवीभक्त श्रेष्ठले ६ बर्षअघि होटल हिंकोला हेरिटेजको शाखा सञ्चालन गरेपनि केही बर्षदेखि आफूले सञ्चालन गर्न नपाउँदा अन्याय भएको बताए । उनले आफ्नो डेढ करोड भन्दा वढी रकम लगानी गरेपनि होटल सञ्चालनमा अवरोध आएकाले अन्यायमा परेको भन्दै एकदिन अवश्य न्याय पाउने विश्वासका साथ बिर्तामोडस्थित होटल हेरिटेजमा प्रत्येक बर्ष बार्षिकोत्सव मनाउने गरेको बताएका छन् । कार्यक्रमको सञ्चालन साहित्य चौतारीका सचिव तुलसीप्रसाद निरौलाले गरेका थिए ।

# बाहुनडाँगीमा बाघले बाख्रा मार्‍यो




झापा, माघ २६ । झापाको मेचीनगर ४ बाहुनडाँगीमा बाघले बाख्रा मारेको छ । आइतवार राति ११ बजेतिर मेचीनगर ४ बाहुनडाँगी बस्ने वीरबहादुर राईको खोरभित्र बाँधिराखेको बाख्रा बाघले आक्रमण गरी मारेको हो । दुईवटा ब्याउने बाख्रा बाघले मार्दा अन्दाजी ४० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः सडक, उत्तरः सडक, दक्षिण : श्री कुमार श्रेष्ठको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री कल्पना पाण्डेले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९०१ ६००१ | ९२, ९५, ९७ | १५३.२८ | २०८२/०९/२८ | २०८२/०९/२८ | २०८२/१०/०९ |

# ट्र्याक्टरमा मोटरसाइकल ठोक्किदा चालकको मृत्यु

झापा, माघ २६ । झापाको बुद्धशान्तिमा रोकिराखेको ट्र्याक्टरको डालामा मोटरसाइकल ठोक्किदा चालकको मृत्यु भएको छ भने अर्का घाइते भएका छन् । दुई दिनअघि माघ २४ गते राति ८:३० बजे बुद्धशान्ति गाउँपालिका वडा न. २ इन्द्रेणी चोकस्थित भित्री सडकखण्डमा बुधबारेबाट जयपुरतर्फ जाँदै गरेको प्र.१-०१-०१७ प ३५१४ नम्बरको मोटरसाइकल बाटोमा रोकिराखेको मे १ त ७७६७ नम्बरको ट्र्याक्टरको पछाडी डालामा ठोक्किएको थियो । दुर्घटनामा मोटरसाइकल चालक अर्जुनधारा -६ बस्ने बर्ष ३५ का प्रबिण आङदेम्बे र सोही मोटरसाइकलमा पछाडी सवार पाँचथर फाल्गुनन्द -७ घर भई हाल बिर्तामोड १ बस्ने बर्ष ४८ का हरि आङदेम्बे घाइते भएका थिए । दुवैजना घाइतेलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको थियो । उपचारका क्रममा सोमवार दिउँसो २:३० बजे मोटरसाइकल चालक प्रबिण आङदेम्बेको मृत्यु भएको हो । मृतकको शव सोहि अस्पतालमा रहेको छ । अर्का घाइते बीएण्डसीमा उपचाररत रहेका छन् । मोटरसाइकल, ट्र्याक्टर र ट्र्याक्टर चालक मेचीनगर -२ बस्ने बर्ष ४० का बिरबहादुर बिश्वकर्मालाई इलाका प्रहरी कार्यालय धुलाबारीले नियन्त्रणमा लिएको छ । यो माघ महिनामा झापामा अत्यधिक सवारी दुर्घटना भइरहेको छ । माघको २६ गतेसम्म सवारी दुर्घटनामा परी १९ जनाले ज्यान गुमाइसकेका छन् ।

### देवरानीको..

मात्रै देखियो र परिवारको सहमतिमा देवरानीको कलेजो जेठानीमा प्रत्यारोपण गरिएको हो,मेरो करियरमा पनि देवरानीले जेठानीलाई अंग दिएर पुनर्जन्म दिएको पहिलो घटना हो।'

यस कलेजो प्रत्यारोपण शल्यक्रियामा नेपाल मेडिसिटी अस्पतालको कलेजो प्रत्यारोपण सर्जन, हेपाटोलोजिस्ट, एनेस्थेसियोलोजिस्ट, क्रिटिकल केयर, नर्सिङ र फिजियोथेरापी, कार्डियोलोजी, पल्मोनोलोजी सहितको विशिष्टीकृत सेवा दिने चिकित्सकहरुको पनि सहभागी थियो। हल अंग दिने र लिने दुवैजना स्वास्थ्य लाभ गर्दै चिकित्सकको निगरानीमा रहेको बताइएको छ। चिकित्सा विज्ञानमा ज्यादै जटिलमध्ये एक हो कलेजो प्रत्यारोपण। त्यसैले कलेजो प्रत्यारोपण गरेको विरामी ३ महिनासम्म चिकित्सककै निरन्तर फलोअपमा बस्नुपर्ने हुन्छ।

डा. श्रेष्ठका अनुसार कलेजो बिग्रिनुको कारण केवल मदिरा सेवन मात्र नभई जन्डिस तथा पहिचान नभएका अन्य रोगले पनि गम्भीर क्षति पुऱ्याउन सक्ने भएको छ। फ्याटी लिभर (कलेजोमा बोसो जम्ने प्रक्रिया) ले पनि समयमै उपचार नगराइएमा कलेजो बिगार्न सक्ने भएकाले रोगको प्रारम्भिक पहिचानद्वारा गम्भीर क्षतिबाट कलेजोलाई जोगाउन सकिने उनको भनाइ छ ।

उसो नेपालमा हालसम्म मिर्गौला कलेजो जस्तो अंग दान गरेर आफन्तको जीवन बचाउनेमा पुरुषभन्दा महिला नै धेरै छन्। जसमा छोरीले बाबुलाई अंग दान गरेर होस् की श्रीमतीले श्रीमान्‌लाई, भान्जीले मामालाई अंग दिएर पुनर्जीवन दिन होस् अंग दान गर्नेमा महिला नै अगाडि छन्।

हालसम्म नेपालमा शहीद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्र त्रिवि शिक्षण अस्पताल सीएमसी चितवन र किष्ट मेडिकल कलेज, नेपाल मेडिसिटीमा गरी करिब ४५ वटा भन्दा बढी कलेजो प्रत्यारोपण गरिएको छ। यी प्रत्यारोपणमा कलेजो दान गर्नेमा पनि पुरुषभन्दा महिला नै बढी छन्। कुनै महिलाले आफ्ना छोर ोछोरीलाई कलेजो दिएका छन् भने कुनै महिलाले आफ्ना श्रीमान्‌लाई कलेजो दान गरेका छन्।

नेपालमा सबैभन्दा धेरै कलेजो प्रत्यारोपण गर्ने मध्येको प्रत्यारोपण केन्द्रमा अहिलेसम्म २३ वटा कलेजो प्रत्यारोपण भएकोमा तीमध्ये २१ जना पुरुष र २ जना महिलाले मात्रै प्रत्यारोपणको अवसर पाएको तथ्यांक छ।

धूम्रपान तथा मद्यपान सेवन नगर्नेमा पुरुषभन्दा महिला अगाडि रहने हुँदा स्वास्थ्यको हिसाबले पुरुषभन्दा महिला स्वस्थ हुने अवस्था रहेकाले पनि अंग दान गर्न मिल्ने परिवारका सदस्यहरूमध्ये पुरुषभन्दा महिलाले अंगदान बढी गरेको हुन सक्ने चिकित्सकहरूको भनाइ छ।

नेपालमा विसं २०७३ मंसिर २२ गते धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रबाट कलेजो प्रत्यारोपण सेवा सुरु भएको थियो। त्यस समय पनि भक्तपुरका ३६ वर्षीय बलराम नागालाई उनकी ४२ वर्षीया दिदीले कलेजो दान गरेकी थिइन्।

अंग प्रत्यारोपण ऐन, २०७२ अनुसार नेपालमा परिवारका सदस्य र नजिकका नातेदारले अंग दान गर्न सक्ने व्यवस्था छ। ऐनमा पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बुबा, आमा, धर्मपुत्री वा धर्मपुत्र राख्ने बाबुआमा, झड्केलो बुबा, सौतेनी आमा, बाजे, बज्यै, नाति, नातिनी, दाजु, भाइ, दिदी, बहिनीले अंग दिन सक्छन्।

यसका साथै ठूलोबुबा, ठूलीआमा, काका, काकी, सानोबुबा, सानीआमा, भतिजा, भतिजी, सासू, ससुरा, जेठाजु, जेठानी, देवर, देवरानी, भाउजू, बुहारी, मामा, माइजू, भान्जा, भान्जी, साला, साली, फुपू, फुपाजु, आमाजू, भदा, भदै, भिनाजु, ज्वाइँ, जेठानले पनि मिर्गौला दिन सक्छन्।

धर्मपुत्र, धर्मपुत्री, धर्मपुत्र राख्ने बुबाआमा र वैवाहिक सम्बन्धबाट कायम भएको नाताको हकमा कम्तीमा २ वर्षदेखि अटुट रूपमा नाता सम्बन्ध कायम रहेको अवस्थामा मात्रै मिर्गौला दान गर्न पाइने ऐनमा व्यवस्था छ। थाहाखबरबाट

**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**निशुल्क स्वास्थ्य शिविर सम्बन्धी**
**अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा यस विर्तामोड नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा नगरपालिका अन्र्तगतका विभिन्न स्वास्थ्य संस्थाहरुमा यहि मिति २०८२ साल माघ महिनाको २७ गतेदेखि फाल्गुन महिनाको १ गतेसम्म ३० वर्षदेखि ६० वर्ष उमेर समूहका प्रजनन् स्वास्थ्य रुग्णता सेवा ( महिलाहरुलाई लक्षित गरि तपशिलको मिति र स्थानमा स्तन स्यान्सर, अब्स्टेटिक फिस्टुला, आङ खस्ने समस्या र पाठेघरको मुखको क्यान्सर (VIA) स्क्रिनिङ तथा व्यवस्थापनको निम्ति निशुल्क स्वास्थ्य शिविर संचालन गरिने भएको हुँदा पायक पर्ने स्वास्थ्य संस्थामा गइ सेवा लिनहुन सुचित गरिन्छ ।

**नोटः** उक्त कार्यक्रमको प्रचार प्रसार र सूचना प्रवाह तथा सहयोग गरिदिनुहुन समाजसेवी, शिक्षक, राष्ट्रिय महिला स्वास्थ्य स्वयम् सेविका लगायत अन्य सरोकारवाला सम्पूर्णलाई अनुरोध छ ।

| क्र. सं. | स्थान | संचालन हुने मिति र समय |
|---|---|---|
| १ | आधारभुत स्वास्थ्य केन्द्र , वि.न.पा. वडा नं. १०, सैनिक बजार | २०८२/१०/२७ गते बिहान १० बजेबाट |
| २ | आधारभुत स्वास्थ्य केन्द्र , वि.न.पा. वडा नं. ७ | २०८२/१०/२९ गते बिहान १० बजेबाट |
| ३ | आधारभुत स्वास्थ्य केन्द्र , वि.न.पा. वडा नं. ५ | २०८२/११/०१ गते बिहान १० बजेबाट |

**सागर मिश्र**
**प्रमुख प्रशासकिय अधिकृत**

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

**सामाजिक सञ्जालमाः**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,
- जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन ।
- यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कडा कार्वाही होस्

झापाको बुद्धशान्तिमा रोकिराखेको ट्र्याक्टरको डालामा मोटरसाइकल ठोक्किदा चालकको मृत्यु भएको छ भने अर्का घाइते भएका छन्। दुई दिनअघि माघ २४ गते राति ८:३० बजे बुद्धशान्ति गाउँपालिका वडा न. २ इन्द्रेणी चोकस्थित भित्री सडकखण्डमा बुधबारेबाट जयपुरतर्फ जाँदै गरेको प्र.१-०१-०१७ प ३५१४ नम्बरको मोटरसाइकल बाटोमा रोकिराखेको मे १ त ७७६७ नम्बरको ट्र्याक्टरको पछाडी डालामा ठोक्किएको थियो । दुर्घटनामा मोटरसाइकल चालक अर्जुनधारा -६ बस्ने बर्ष ३५ का प्रबिण आङदेम्बे र सोही मोटरसाइकलमा पछाडी सवार पाँचथर फाल्गुनन्द -७ घर भई हाल बिर्तामोड १ बस्ने बर्ष ४८ का हरि आङदेम्बे घाइते भएका थिए । दुवैजना घाइतेलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको थियो। उपचारका क्रममा सोमवार दिउँसो २:३० बजे मोटरसाइकल चालक प्रबिण आङदेम्बेको मृत्यु भएको हो । मृतकको शव सोहि अस्पतालमा रहेको छ । अर्का घाइते बीएण्डसीमा उपचाररत रहेका छन् । मोटरसाइकल, ट्र्याक्टर र ट्र्याक्टर चालक मेचीनगर -२ बस्ने बर्ष ४० का बिरबहादुर बिश्वकर्मालाई इलाका प्रहरी कार्यालय धुलाबारीले नियन्त्रणमा लिएको छ । झापामा अत्यधिक सवारी दुर्घटना हुने क्रममा एक महिना नबित्दै १९ जनाको मृत्यु भएको छ। यो माघ महिनाको २५ दिनभित्र त्यति धेरैजनाले ज्यान गुमाउनु परेको हो । अर्जुनधारामा लगातार दुईजनाले ज्यान गुमाएका छन् । शनिवार राति र आइतवार बिहान गरी दुईजनाको मृत्यु भएको हो । बिरिङ खोलामा ट्र्याक्टरले किचेर सहचालकको मृत्यु भएको छ । आइतवार बिहान ९:४० बजे अर्जुनधारा ७ स्थित बिरिङ खोलाबाट बालुवा लोड गरी अगाडी बढाउने क्रममा प्र१-०१-००१त ९०१० न. को ट्र्याक्टरको डालामा सवार सोही ट्र्याक्टरका सह-चालक अर्जुनधारा ३ बस्ने हर्क श्रेठका छोरा बर्ष १६ का सरोज श्रेष्ठ ट्र्याक्टरबाट खस्दा उनलाई पछाडीको चक्काले किचेको थियो । घाइतेलाई उपचारको लागि शंकर अस्पताल शनिश्चरे ल्याएकोमा डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । प्रहरी चौकी शनिश्चरेबाट प्रहरी टोली खटिएर ट्र्याक्टर र ट्र्याक्टर चालक अर्जुनधारा ७ बस्ने ४६ वर्षीय पदमबहादुर दर्जीलाई नियन्त्रणमा लिएको छ । साथै ट्र्याक्टरका साहु अर्जुनधारा ४ बस्ने ५६ वर्षीय अशोकलाल दनुवारलाई पनि प्रहरी चौकी शनिश्चरेले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । त्यस्तै तीन दिनअघि स्कुटीको ठक्करबाट घाइते भएका अर्जुनधारा ३ बस्ने ४५ वर्षीय राजन बास्कोटाको उपचारका क्रममा मृत्यु भएको छ । बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारका क्रममा शनिवार राति ९;१० बजे घाइते बास्कोटाको मृत्यु भएको हो । माघ २१ गते बिहान ६:३० बजे अर्जुनधारा ३ गरुवा चौकस्थित बिर्तामोड-खुदुनाबारी सडकखण्डमा बिर्तामोडबाट खुदुनाबारीतर्फ जाँदै गरेको प्र.१-०१-०१८ प १६७ नम्बरको स्कुटीले बाटो क्रस गर्दै गरेका पैदलयात्री बास्कोटालाई ठक्कर दिएको थियो । उनलाई उपचारका लागि बीएण्डसी अस्पताल लगिएको थियो । स्कुटी चालक इलाम माई नगरपालिका ३ बस्ने ३५ वर्षीया अमृता राई र स्कुटी प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यसअघि माघ २१ गते दमकमा टिपरको ठक्करबाट दुईजनाको मृत्यु भएको थियो । झापामा सवारी दुर्घटनाबाट मानवीय क्षति हुने क्रम निकै बढेको हो । माघ १ गते एकैदिन तीनजनाले ज्यान गुमाएका थिए भने त्यसयता प्राय दिनहुँ दुर्घटनामा मृत्यु हुने गरेको छ । यो भयावहतालाई रोक्नु पर्‍यो । ट्राफिक प्रहरीले त्यसतर्फ ध्यान दिन जरुरी छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# जनविश्वास आर्जन गर्ने अस्त्र



• भानु पराजुली

नेपालमा धेरै आमनिर्वाचन सम्पन्न भए। हरेक निर्वाचनअघि राजनीतिक दलहरूले आकर्षक घोषणापत्र सार्वजनिक गरे । ती घोषणापत्र कति कार्यान्वयन भए, कति प्रतिबद्धता पूरा भए भन्ने प्रश्नको उत्तर आज आमरूपमा नकारात्मक छ । घोषणापत्र चुनाव जित्ने साधन बने तर शासन गर्ने मार्गदर्शक बनेनन् । यही कारण जनतामा बिस्तारै निराशा, रोष र आक्रोश थुप्रिँदै गयो । त्यसको स्पष्ट अभिव्यक्ति भदौ २३ र २४ मा पोखियो ।

जनताको यो आक्रोश केवल कुनै एक दल, एक चुनाव चिह्न वा एक सरकारविरुद्ध होइन। यो समग्र राजनीतिक संस्कार, चुनावी अभ्यास र घोषणापत्रका अविश्वसनीयताविरुद्धको प्रतिक्रिया हो। जनताले देखे, घोषणापत्रमा लेखिएका वाचा सरकार बनेपछि बिर्सिन्छन्, असफलताका लागि कसैले जिम्मेवारी लिँदैन र चुनाव फेरि उही भाषण र उही कागजसहित दोहोरिन्छ । यसले निर्वाचन प्रक्रिया नै जनअपेक्षाभन्दा तल झर्दै गएको अनुभूति जन्माएको छ।

निर्वाचन, राजनीतिक दल र चुनाव चिह्नभन्दा माथि उठेर घोषणापत्रलाई पुनः अर्थपूर्ण बनाउनुपर्ने आवश्यकता छ। लोकतन्त्र कुनै दिनको प्रक्रिया होइन। सहिदहरूको बलिदान, घाइते र पीडित परिवारको पीडा र करिब सात दशक लामो लोकतान्त्रिक सङ्घर्षले आजको व्यवस्था सम्भव भएको हो। यस्तो ऐतिहासिक बलिदानमाथि उभिएको लोकतन्त्रमा घोषणापत्र केवल औपचारिक दस्तावेज बनेर बस्न सक्दैन ।

आज प्रश्न स्पष्ट छ-अब नसुध्रिने हो भने कहिले ? नयाँ भनिने दल हुन् वा पुराना स्थापित दल, घोषणापत्रलाई गम्भीर सामाजिक सम्झौता नमान्ने प्रवृत्ति अब स्वीकार्य छैन। जनतामा बढ्दो असन्तोषको पृष्ठभूमिमा दलसामु विकल्प छैन-या त आफैँ सुध्रिनु या जनविश्वास पूर्ण रूपमा गुमाउनु। यही सन्दर्भले आज घोषणापत्रलाई पुनः परिभाषित गर्नुपर्ने बाध्यता र ऐतिहासिक जिम्मेवारी दुवै सिर्जना गरेको छ।

### घरभित्रको लोकतन्त्र सुधार

निर्वाचन घोषणापत्र कुनै दलको प्रचार सामग्री मात्र होइन, त्यो दल र नागरिकबिचको औपचारिक सामाजिक सम्झौता हो । यो दस्ताबेजले दलभित्रको लोकतन्त्र, सुशासनप्रतिको इमानदार प्रतिबद्धता र जनताप्रतिको जवाफदेहितालाई एकै साथ प्रतिबिम्बित गर्नु पर्छ। घोषणापत्रको सुरुवात नै हामी कत्तिको लोकतान्त्रिक छौँ भन्ने आत्मपरीक्षणबाट हुनु पर्छ। दलभित्र निर्णय कसरी हुन्छ, नेतृत्व चयन कति पारदर्शी छ, असहमति र आलोचनालाई कसरी व्यवस्थापन गरिन्छ-यी प्रश्नको उत्तर दिन नसक्ने दलले राज्य सञ्चालनमा लोकतन्त्रको विश्वसनीय अभ्यास गर्छ भन्ने दाबी कमजोर हुन्छ । बाहिर लोकतन्त्रको वकालत गर्ने दलले पहिले आफ्नै घरभित्र लोकतान्त्रिक संस्कार स्थापित गर्न सक्नु पर्छ, घोषणापत्र त्यसको लिखित प्रमाण हुनु पर्छ।

घोषणापत्रले सत्तामा पुगेपछि के गर्छौं भन्ने सूची मात्र होइन, कसरी गर्छौं भन्ने विधि र प्रक्रिया स्पष्ट गर्नु पर्छ । संविधानबमोजिम राज्यका अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको स्वायत्तता, शक्ति सन्तुलन र परस्पर सम्मान सुनिश्चित गर्ने स्पष्ट प्रतिबद्धता घोषणापत्रको आधार हुनु पर्छ। शक्ति व्यक्तिमा केन्द्रित गर्ने होइन, संस्थामा बाँड्ने; इच्छा अनुसार शासन गर्ने होइन, विधि अनुसार शासन गर्ने-यो दृष्टिकोण घोषणापत्रको मूल आत्मा हुनु पर्छ। दलको दीर्घकालीन दृष्टिकोण (१०-२५ वर्ष), मध्यकालीन लक्ष्य (५ वर्ष) र अल्पकालीन प्राथमिकता (वार्षिक) बिचको सम्बन्ध स्पष्ट देखिनु पर्छ, ताकि सरकार परिवर्तन भए पनि नीतिगत निरन्तरता कायम रहोस् ।

### मापनयोग्य अर्थनीति र सामाजिक सुरक्षा

नेपाल जस्तो राजनीतिक सङ्क्रमण, आर्थिक दबाब र जनविश्वासको सङ्कट झेलिरहेको मुलुकमा घोषणापत्रले भावनात्मक नाराभन्दा तथ्य र लक्ष्यलाई प्राथमिकता दिनु पर्छ। विषयगत क्षेत्रमा घोषणापत्र मापनयोग्य हुनु पर्छ। उदाहरणका लागि, वैदेशिक सम्बन्ध र अन्तर्राष्ट्रिय सहकार्यमा 'सन्तुलित कूटनीति' भन्ने सामान्य वाक्य पर्याप्त हुँदैन। कुन देश र क्षेत्रमा कस्तो आर्थिक, व्यापारिक, प्रविधि वा श्रम सहकार्य गरिन्छ, त्यसबाट राष्ट्रिय हितलाई कस्तो लाभ पुग्छ, यी सबै स्पष्ट खाकासहित आउनु पर्छ । श्रम कूटनीतिमा आप्रवासी श्रमिकको सुरक्षा, सिप हस्तान्तरण र स्वदेश फर्किएपछि पुनः एकीकरण कसरी गरिन्छ भन्ने नीति पनि घोषणापत्रमै खुल्नु पर्छ।

आर्थिक नीतिमा घोषणापत्र अझै स्पष्ट हुन आवश्यक छ । नेपालको अर्थतन्त्र रेमिट्यान्समा अत्यधिक निर्भर छ, जुन दीर्घकालीन रूपमा असुरक्षित आधार हो। पाँच वर्षभित्र कुल गार्हस्थ उत्पादनमा रेमिट्यान्सको योगदान २५ प्रतिशतबाट १८ प्रतिशतमा झार्ने जस्ता किटानी लक्ष्य घोषणापत्रमै राखिनु पर्छ । यसका लागि स्वदेशमै कृषि, उद्योग, पर्यटन, ऊर्जा र हरित रोजगारीमार्फत ठुलो संख्यामा रोजगारी सिर्जना गरिने स्पष्ट योजना आवश्यक हुन्छ । प्रवासी बचत बन्ड, सहुलियत लगानी कोष, रेमिट्यान्सलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने कर नीति घोषणापत्रको अभिन्न हिस्सा हुनु पर्छ। आयात-निर्यात सन्तुलन घोषणापत्रको प्रमुख सूचक हुनु पर्छ । आयात घटाउन र निर्यात बढाउने भन्ने नारा होइन, पाँच वर्षमा आयात यति प्रतिशतले घटाउने र निर्यात यति प्रतिशतले बढाउने भन्ने लक्ष्य स्पष्ट हुनु पर्छ । कृषि, ऊर्जा, पर्यटन, उद्योग-कसरी आत्मनिर्भरता बढाइन्छ र निर्यात विस्तार गरिन्छ भन्ने रोडम्याप घोषणापत्रमै देखिनु पर्छ। यसले रोजगारी सिर्जना, आम्दानी वृद्धि, क्षेत्रीय सन्तुलन र सांस्कृतिक पहिचान संरक्षणमा कस्तो योगदान पुर्‍याउँछ भन्ने समग्र सामाजिक-आर्थिक दृष्टिकोण पनि समेट्नु पर्छ। कृषि, जल, जमिन र जङ्गल जस्ता आधार भूत स्रोत घोषणापत्रका सजावटी विषय होइनन् । कृषि खाद्यमा आत्मनिर्भरता हासिल नगरी व्यापार घाटा घटाउन र ग्रामीण गरिबी न्यूनीकरण गर्न सकिँदैन। घोषणापत्रले धान, मकै, तरकारी र दुग्धजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने किटानी लक्ष्य, सिँचाइ विस्तार, न्यूनतम समर्थन मूल्य, किसान बिमा र प्रशोधन उद्योग स्थापना जस्ता नीति स्पष्ट गर्नु पर्छ । जल, जमिन र जङ्गलको दिगो व्यवस्थापनमा नीति र अभ्यासबिचको खाडल स्वीकार गर्दै त्यसलाई यसरी घटाइन्छ भन्ने स्पष्ट योजना आवश्यक हुन्छ।

सामाजिक न्याय र सामाजिक सुरक्षा पनि घोषणापत्रको अनिवार्य आधार हुन् । जीवन बिमा, स्वास्थ्य बिमा र सामाजिक सुरक्षा अब नारा होइन, नागरिक अधिकारका रूपमा सुनिश्चित गरिनु पर्छ। घोषणापत्रले चरणबद्ध रूपमा सबै नागरिकलाई बिमाको दायरामा ल्याउने, प्रिमियमको निश्चित हिस्सा राज्यले बेहोर्ने र गरिब तथा दुर्गम क्षेत्रका नागरिकलाई पूर्ण संरक्षण दिने स्पष्ट प्रतिबद्धता गर्नु पर्छ। यसको वित्तीय स्रोत, दिगोपना र कार्यान्वयन संरचना नखुलाई घोषणापत्र विश्वसनीय हुँदैन।

### जवाफदेहिताको प्रतिबद्धता

यी सबै लक्ष्य हासिल गर्न सुशासन केन्द्रीय सर्त हो। भ्रष्टाचार नियन्त्रण, पारदर्शी सार्वजनिक खरिद, डिजिटल शासन र विगतका अनियमिततामाथि कारबाही गर्ने साहसबिना कुनै पनि घोषणापत्र अर्थपूर्ण हुँदैन । घोषणापत्रले आफ्नै कार्यसम्पादन मूल्याङ्कन गर्ने औजार पनि प्रस्ताव गर्नु पर्छ-सूचक, समयसीमा, वार्षिक सार्वजनिक प्रतिवेदन र नागरिक अनुगमन। यी प्रतिबद्धता पूरा भएनन् भने अर्को आवधिक निर्वाचनमार्फत जनताले सजाय दिन सक्छन् भन्ने लोकतान्त्रिक अस्त्र जीवितै छ भन्ने स्वीकारोक्ति नै परिपक्व लोकतन्त्रको आधार हो।

अन्ततः निर्वाचन घोषणापत्र सत्ता माग्ने कागज होइन, जवाफदेही बन्ने लिखित वाचा हो । सत्य बोल्ने साहस, किटानी लक्ष्य र कार्यान्वयनको स्पष्ट बाटो देखाउने घोषणापत्रले मात्र जनविश्वास पुनर्स्थापित गर्न सक्छ र लोकतन्त्रलाई परिपक्व बनाउँछ। गोपबाट

# उपभोक्तावादी समाजः चरित्र र चुनौती



• समीर बम्जन तामाङ

मानव सभ्यताको विकास उत्पादनसँग जोडिएको हुन्छ । मानिसले आफ्नो आवश्यकता पूरा गर्न प्रकृतिको प्रयोग गरी नयाँ वस्तुको सिर्जना गर्छ। कुनै पनि समाजको पहिचान त्यसले गर्ने सिर्जना र उत्पादनबाट निर्देशित हुन्छ। तर जब समाजमा सिर्जना र उत्पादनभन्दा उपभोगलाई सफलताको मानक मानिन्छ, तब उपभोक्तावादी समाजको जन्म हुन्छ।

उपभोक्तावाद एउटा यस्तो अवस्था हो, जहाँ बजारले मानिसको इच्छालाई नियन्त्रण गर्छ । उपभोक्तावादी चरित्रले मानिसलाई सिर्जनशील उत्पादकबाट बदलेर केवल बजारको एउटा तथ्याङ्क वा उपभोगको मेसिनमा सीमित गरिदिन्छ । उपभोक्तावादी समाजमा बजारले मानिसको संस्कृति र मनोविज्ञानलाई नियन्त्रण गर्छ र मानिसहरू वस्तुको उपभोग गरेर नै मानसिक सन्तुष्टि खोज्ने प्रयास गर्छन् । जब समाजमा कुनै वस्तुको प्रयोग उसको उपयोगिताका लागि भन्दा प्रदर्शन र प्रतिष्ठाका लागि गरिन्छ, तब त्यो समाज उपभोक्तावादको दलदलमा फसेको मानिन्छ। सरल शब्दमा भन्नुपर्दा, मानिसको पहिचान, सफलता र खुसी उनीहरूले प्रयोग गर्ने वस्तु वा सेवाको खरिद र उपभोगमा आधारित हुन्छ, त्यसलाई उपभोक्तावादी समाज भनिन्छ।

वर्तमान नेपाली समाज उपभोक्तावाद र अनुत्पादक दुवै अवस्थाको दुश्चक्रमा फसेको भनेर भन्न हिचकिच्याउनु पर्दैन । अनुत्पादक समाज भनेको त्यो हो, जसले आफ्नो आवश्यकताका वस्तु वा सेवाहरू आफैँ सिर्जना वा उत्पादन गर्नुको सट्टा अरूले बनाएका कुरामा मात्र भर पर्छ। यस्तो समाजमा आर्थिक गतिविधिहरू सिर्जनाभन्दा खपतमा केन्द्रित हुन्छन् । नेपाल अहिले यही चरित्र वरिपरिबाट गुज्रिरहेको छ, जुन दीर्घकालका लागि नै घातक हुन सक्छ । हामीकहाँ उत्पादन नभएको उपभोक्तावाद हाबी छ र हामी परनिर्भर उपभोक्ता बनेका छौं । यो उत्पादनविहीनताले अर्थतन्त्र मात्र होइन, हाम्रो मानवीय संवेदना र सामाजिक चरित्रलाई समेत खोक्रो बनाउँदै लगेको छ। उत्पादनमुखी विकसित देशहरूमा उत्पादनको प्रचुरतापछि उपभोगको संस्कृति बन्यो तर नेपालमा भने उत्पादनको जग नै नबसी उपभोग आकाशिएको छ । यो परजीवी अर्थतन्त्र हो, जसले हाम्रो राष्ट्रिय सार्वभौमिकतालाई समेत कमजोर बनाउँदै लगेको छ । तर यो अवस्था रातारात सिर्जना भएको भने होइन, दशकौँदेखिका गलत आर्थिक नीति, राजनीतिक अस्थिरता र उत्पादनप्रतिको उपेक्षाको परिणाम हो ।

नेपालको आधुनिक आर्थिक इतिहासमा बीपी कोइरालाले अघि सारेको प्रजातान्त्रिक समाजवाद एक मौलिक र प्रगतिशील अवधारणा मान्न सकिन्छ । २०१५ सालमा जननिर्वाचित प्रधानमन्त्री बनेपछि उनले नेपालको माटो सुहाउँदो अर्थनीति अघि सारेका थिए । उनको समाजवादको केन्द्रमा हलो जोत्ने किसान थियो । उनी भन्थे, 'नेपालको योजना बनाउँदा योजना आयोगको भित्तामा एकजना गरिब किसानको फोटो झुन्ड्याऊ र सोध कि तिम्रो योजनाले यो किसानको जीवनमा के परिवर्तन ल्याउँछ ?' बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादको मूल मर्म उत्पादनमा आधारित स्वाभिमान थियो । बीपीले ठुला र आयातित उद्योगभन्दा पनि ग्रामीण आत्मनिर्भरतामा जोड दिएका थिए । उनले बिर्ता उन्मूलन गरेर जमिनमा जोत्नेको हक स्थापित गर्न खोजे, जसले किसान उत्पादनमा प्रोत्साहित होस् । उनले साना र मझौला उद्योगमार्फत् स्थानीय कच्चा पदार्थको प्रयोग र रोजगारी सिर्जनाको परिकल्पना गरेका थिए। तर २०१७ सालको राजनीतिक कु भयो, जुन राजनीतिक परिघटनामार्फत् पञ्चायतले उनको मौलिक आर्थिक मोडेललाई पूर्ण रूपमा कार्यान्वयन हुन दिएन।

२०४६ सालपछिको निजीकरण नीतिले बीपीको त्यो उत्पादनशील समाजको सपनालाई उपभोक्तावादी समाजमा बदलिदियो । पञ्चायतकालमा केही सरकारी कारखाना खुले पनि ती राज्यको नियन्त्रणमा थिए, जनताको उद्यमशीलतासँग जोडिन सकेनन् । २०४६ सालपछिको नव-उदारवादले त झन् स्वदेशी उद्योगको संरक्षण गर्नै सकेन र नेपाल एउटा ट्रेडिङ इकोनोमीमा बदलियो ।

२०४६ सालको प्रजातन्त्र पुनर्बहालीपछि नेपालले विश्वव्यापी आर्थिक लहरलाई पछ्याउँदै नव-उदारवाद र खुला बजार अर्थतन्त्र अँगाल्यो । यो नै नेपालको उत्पादनशील जग भत्किने प्रस्थानबिन्दु बन्यो। तत्कालीन नेपाली कांग्रेसको सरकारले भृकुटी कागज कारखाना, बाँसवारी छाला जुत्ता कारखाना, हेटौँडा कपडा उद्योगजस्ता दर्जनौँ सरकारी उद्योगहरू निजीकरण गर्‍यो । रणनीतिक योजनाको अभावमा ती उद्योगहरू निजी क्षेत्रले चलाउनुको सट्टा जग्गा बेचेर खान वा बन्द गर्न प्रयोग गरे।

स्वदेशी उद्योगको विस्थापनसँगै भन्सार दरहरूमा व्यापक कटौती भयो, जसले गर्दा विदेशी सामान सस्तोमा भित्रिन थाले । नेपालका साना उद्यमीहरूले विदेशी उत्पादनको विशाल पुँजी र प्रविधिसँग प्रतिस्पर्धा गर्न सकेनन् । फलस्वरूप नेपाल एउटा उत्पादक राष्ट्र बन्ने चरणमा प्रवेश नै नगरी आयात गर्ने राष्ट्रमा बदलियो ।

२०५२ सालबाट सुरु भएको माओवादी सशस्त्र जनयुद्धबाट एउटा ऐतिहासिक राजनीतिक उपलब्धि त भयो तर त्यस अवधिमा देशको अर्थतन्त्र र पूर्वाधार निर्माणमा अवरोध भयो, जसले गर्दा देशको समग्र उत्पादन प्रणाली एक दशकसम्म अन्योलमा पर्‍यो । दशवर्षे जनयुद्धले ग्रामीण उत्पादन प्रणालीमा परेको असर कालान्तरमा देशको युवा पलायनको बिन्दु बन्न पुग्यो । शान्ति प्रक्रियापछि ती विस्थापित मानिसहरू माटोमा फर्किनुको सट्टा विदेश पलायन हुन थाले । यही समयमा वैदेशिक रोजगारीको बाटो व्यापक रूपमा खुल्यो। वैदेशिक रोजगारीबाट पैसा त आयो तर गाउँमा श्रम गर्ने युवा रहेनन् । खेतीयोग्य जमिन बाँझो भयो। रेमिट्यान्सले मानिसको खरिद शक्ति पनि बढायो, तर बजारमा नेपाली सामान भएन । फलस्वरूप रेमिट्यान्सको पैसा आयातित सामान किन्नमा विदेशमै फर्कियो । २०६३ सालको विस्तृत शान्ति सम्झौतापछि देशमा ठुलो राजनीतिक परिवर्तन भयो र त्यसले नेपाली जनमानसमा ठुलो उत्साह पनि सिर्जना गर्‍यो । तर विडम्बना, त्यो उत्साहले सार्थकता नपाउँदै आर्थिक रूपमा यो अवधि श्रम पलायन, उपभोग विस्तार हुँदै परनिर्भरताको स्वर्ण युग सावित हुन पुग्यो । शान्ति सम्झौतापछिको सङ्क्रमणकालमा राजनीतिक अस्थिरता, लोडसेडिङ र मजदुर आन्दोलनजस्ता विविध कारणले भएका उद्योगहरू पनि बन्द भए । उत्पादन र उपभोगको सन्तुलन यसरी बिग्रियो कि नेपालको निर्यात स्थिर रह्यो तर आयात दशौँ गुणाले बढ्यो ।

### उपभोक्तावादतर्फको यात्राः समाजवादउन्मुख संविधान

२०७२ सालको नयाँ संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गर्‍यो, तर व्यवहारमा उपभोग उन्मुख अर्थतन्त्र झन् सुदृढ भयो। संविधान जारी भएपछिको एक दशकलाई हेर्दा हामी समाजवादतर्फ होइन, चरम उपभोक्तावादतर्फ गइरहेका छौँ भन्दा फरक पर्दैन । संघीयताले अधिकार तल्लो तहसम्म पुर्‍याए पनि आर्थिक उत्पादनको केन्द्र गाउँ बन्न सकेन। स्थानीय तहहरूले आफ्नो बजेट उत्पादनशील क्षेत्रमा भन्दा पनि बिनायोजना मनोमानी रूपमा सडक खन्ने, भ्यु-टावर बनाउने, आ-आफ्नो राजनीतिक दलका कार्यकर्तालाई केन्द्रमा राखेर विकास योजना बनाउने र कमिसनकेन्द्रित अनुत्पादक पूर्वाधारमा खर्च गरे।

गाउँगाउँमा डोजर पुग्यो, तर त्यही सडक भएर गाउँको उत्पादन सहर आउनुको सट्टा रेमिट्यान्सको रकमभन्दा अघि बहुराष्ट्रिय कम्पनीको वस्तु गाउँ पुगिसकेको हुन थाल्यो, जसले गर्दा रेमिट्यान्सको रकम जहाँबाट आयो, त्यतै जाने बाटो पनि सँगसँगै बन्यो । यसरी समाजवाद उन्मुख संविधानको मर्मविपरीत नेपाली समाजले उपभोक्तावादको बाटो लिन पुग्यो।

संविधान जारी हुनुअघि र पछिको दश वर्षको तथ्यांक हेर्दा नेपालको कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान १० प्रतिशतबाट घटेर ५ प्रतिशतको हाराहारीमा पुगेको छ । बजेटको ठुलो हिस्सा उपभोग्य वस्तुको आयातमा खर्च भइरहेको छ भने उपभोगको हिस्सा जीडीपीको झण्डै ९० प्रतिशत छ, जबकि बचत र लगानीको हिस्सा अत्यन्तै न्यून छ। यी सबै हुनुमा देशका प्रमुखदेखि सत्तासाझेदारी सबै दलहरूको कुनै न कुनै रूप र समयमा निर्णायक भूमिका छ, जसले उपभोक्तावादलाई नै आफ्नो राजनीतिक आधार बनाए र कार्यकर्ता पाल्नका लागि दलाल पुँजीवादलाई प्रश्रय दिए । उत्पादन गर्नेलाई भन्दा सामान आयात गर्ने ट्रेडिङ एजेन्टलाई नीतिगत सुविधा दिइयो । रेमिट्यान्सलाई देशको वित्तीय सफलताको मानक मानियो, जबकि त्यो हाम्रो उत्पादनशील शक्तिको पलायन थियो भन्ने तर्फ कसैको पनि ध्यान गएन, न कुनै बहसको विषय नै बनाइयो।

गत भदौ २३ र २४ मा देखिएको युवाहरूको असन्तुष्टि (जेनजी आन्दोलन) र संसद् विघटनका घटनाहरू यही उपभोक्तावादी सङ्कटका राजनीतिक परिणाम हुन् । नयाँ पुस्ताले विश्वका सुविधाहरू इन्टरनेटमा देख्छ र उसलाई ती उपभोग गर्ने इच्छा छ । तर देशमा उत्पादन र रोजगारीको अवसर छैन । यही खाडलले गर्दा युवाहरूमा चरम निराशा छ, जसले गर्दा उनीहरू कि त देश छोड्न चाहन्छन् कि त सडकमा विद्रोह गर्छन् । त्यसैको एउटा उदाहरणीय परिणाम थियो, जेनजी आन्दोलन।

जेनजी आन्दोलन र संसद् विघटनपछि हुन लागेको निर्वाचनमा नयाँ र जेनजीको मनोविज्ञानमा आधारित दलहरूको अवस्था अलि अनौठो छ। तिनीहरू आफूलाई नयाँ पुस्ताको प्रतिनिधि त भन्छन्, भ्रष्टाचार र सुशासनका कुरा पनि चर्काउँछन् तर नेपालको भयावह व्यापार घाटा कसरी घटाउने र उपभोक्तावादी समाजलाई कसरी उत्पादनमुखी बनाउने भन्नेमा उनीहरूको कुनै स्पष्ट अवधारणा छैन।

सुन्दा मात्र पनि अस्वाभाविक र अप्राकृतिक जस्तो लाग्ने परिवर्तनका कुरा त गरेका छन् तर उनीहरू लोकप्रियतावादको चरम सिकार बनेका छन् । भ्रष्टाचारविरोधी नाराले मात्र उपभोक्तावादी समाजलाई उत्पादनशील बनाउन सक्दैन भन्ने सामान्य र आधारभूत कुरासमेत सुनिँदैन । उनीहरूले सस्तो लोकप्रियताका लागि आश्वासन दिन्छन्, सुशासन र प्रविधिका कुरा गर्छन् तर माटोमा पसिना बगाएर कसरी आत्मनिर्भर हुने भन्ने कुनै फरक मार्गदर्शन उनीहरूमा पनि देखिँदैन।

दिगो आर्थिक कार्यक्रमभन्दा सामाजिक सञ्जालको भाइरल शैलीमा लोकप्रिय हुन खोजिरहेका छन् । यस प्रकारको लोकप्रियतावादले उपभोक्तावादलाई झन् बढवा दिन्छ किनकि यसले मानिसलाई तत्कालको सस्तो सन्तुष्टिमा अलमल्याउँछ।

❖ बाँकी तेस्रो पृष्ठमा

# ओलीको 'डेट एक्सपायर्ड' चुनावी एजेन्डा


काठमाडौँ । पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले माघ २२ गते 'दैलेखमा ग्यास उत्खनन् गर्‍यौं, अब घर-घरमा पुर्‍याउँछौं' भनेर फेसबुक स्टाटस लेखे । फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापा क्षेत्र नम्बर ५ बाट उम्मेदवारी दिएका ओलीले म्याद सकिएको ग्यास राजनीतिलाई फेरि ब्युँताएकोमा सामाजिक सञ्जालमा ट्रोल बनाइएको छ । २५ हजार ५०० ले कमेन्ट गरेका अधिकांशले उनको उछितो काटेका छन् । ओलीले विकासका लागि सपना देख्नु, त्यसलाई साकार पार्नु र सोही अनुसार कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए ।

२०७२ सालमा पहिलोपटक प्रधानमन्त्री हुँदा नेपालमा छिमेकी देश भारतले अघोषित नाकाबन्दीले आम नागरिकको दैनिक जीवनशैली अस्तव्यत भएको थियो । निकै कष्टकर हुँदा समेत नाकाबन्दीसामु नझुकेका आम नागरिकको पक्षमा उभिएका कारण ओली राष्ट्रवादी नेताको रुपमा निकै लोकप्रिय भएका थिए ।

भदौ २३ गते जेनजी विद्रोहका बेला प्रधानमन्त्री रहेका ओली संसद् भवन नयाँ बानेश्वरमा २३ जना नवयुवाको हत्या भएपछि भोलिपल्ट सत्ता छोडेर भाग्नुपर्ने विशिष्ट अवस्था सिर्जना भयो । आक्रोशित भिडले राज्यको केन्द्रीय प्रशासनिक भवन सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत लगायत देशभर सार्वजनिक तथा निजी सम्पत्ति ध्वस्त पारे ।

ओलीकै सिफारिसमा प्रधानमन्त्री बनेकी सुशीला कार्कीले संसद् विघटन गरी निर्वाचन घोषणा गरेकोमा असन्तुष्ट जनाउँदै आएका छन् । सुरूका दिनमा निर्वाचनमा जान आनाकानी गरेका उनी सत्ता सहयात्री दल नेपाली कांग्रेसको सहयोगमा संसद् पुनर्स्थापनाको मुद्दा लिएर सर्वोच्च अदालत पुगे । अन्ततः सबै राजनीतिक दल निर्वाचनमा जान तयार भएपछि बाध्य भएर ओलीकै नेतृत्वमा एमाले चुनावमा होमिएको छ । २०४८ सालदेखि लगातार झापा-५ बाट निर्वाचन लड्दै आएका ओली यसपटक काठमाडौँ महानगरपालिकाका पूर्वप्रमुख बालेन शाहले चुनौती दिएपछि तनावमा देखिन्छन् । देशको चार पटक प्रधानमन्त्री भएका ओलीले २०६४ को संविधानसभा सदस्य निर्वाचन बाहेक सबै चुनाव जितेका छन् । २०७४ सालमा संविधान विपरीत दुई-दुई पटक संसद विघटन गरेर अलोकप्रिय भएका उनी जेनजी नरसंहारका कारण चौतर्फी आलोचित छन् । विषम परिस्थितिमा हुन लागिरहेको यस निर्वाचन जित्नै पर्ने दबाबमा ओली छन् । चुनावी प्रचारको सिलसिलामा झापा पुगेका उनले सोमबार मतदातासँगको कुराकानीमा घरघरमा ग्यास लाइन पुर्‍याउने प्रतिबद्धता दोहोर्‍याए ।

'अब नेपालमै ग्यास उत्खनन् हुन्छ । ग्यास बाल्नुपर्छ । विदेशबाट ल्याएको ग्यास होइन, अहिले ग्यास निकाल्न छोडेर ताला लगाएर राखेको छ त्यहाँ । पाइप लाइनबाट ल्याएर पानीट्यांकी बनाएर एकै ठाउँमा राख्न सकिन्छ । घर-घरमा पाइप पुर्‍याउन सकिन्छ । त्यसका लागि कुनै सिलिन्डर चाहिँदैन । त्यतातिर जानुपर्नेमा गुइँठै बाल्नुपर्छ भन्नु उपयुक्त हुँदैन', झापाली मतदातालाई सम्बोधनको क्रममा भने । केही समयअघि महोत्तरी र धनुषामा जस्तो गुइँठा बाल्नुपर्ने अवस्था नभएको अभिव्यक्तिलाई लिएर व्यापक आलोचना



भएकोप्रति पनि ओलीले जवाफ फर्काए । उनले संस्कृति बचाउने र गरिबी हटाउने नाममा मान्छेलाई अलमलमा राख्न नहुने स्पष्ट पारे ।

'गुइँठा बाल्ने होइन, त्यसभन्दा माथि उठ्नुपर्छ । विकास गर्नुपर्छ । गुइँठा बाल्नु संस्कृति होइन । त्यो पछ्यौटेपन थियो, हटाउनुपर्छ', उनले भने, 'कुनै पनि कुरालाई अनुचित ढंगले बंग्याएर सेन्टिमेन्ट खडा गरेर अगाडि जान सकिँदैन । गुइँठा, दाउरा बाल्ने होइन अब बिजुली बाल्नेतिर पुग्नुपर्छ ।' ओलीले पहिलोपटक प्रधानमन्त्री हुँदा दैनिक जीवनमा प्रयोग हुने इन्धनको अभाव भएकाले त्यतिबेला नेपालीको मनोबल कमजोर नहोस् भनेर आफैंले ग्यास उत्खनन् गर्छौं र पाइपबाट नै भान्सामा ग्यास आउने बनाउँछ भनेको जिकिर गरे । पहिलो कार्यकालमा निकै लोकप्रिय भएका ओलीले राष्ट्रवादी नारा दिएर २०७४ सालको निर्वाचनमा ५७ हजार १३९ मत ल्याएर विजयी भए । उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका खगेन्द्र अधिकारीले २८ हजार २५७ मत प्राप्त गरेका थिए । यद्यपि त्यतिबेला तत्कालीन एमाले र माओवादी केन्द्रबिच वामपन्थी तालमेल गरेको थियो । झापा-५ र झापा-३ मा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनसँग पनि चुनावी तालमेल गरेका थिए । त्यतिबेला वामपन्थी गठबन्धनले झण्डै दुई तिहाइ मत प्राप्त गरेको थियो । निर्वाचनपछि २०७४ फागुन ३ गते उनी प्रधानमन्त्री बने । दोस्रो कार्यकालको बेला ओलीले घर-घरमा ग्यास पाइप लाइन पुर्‍याउने बताएका थिए । चीनको केरुङ-काठमाडौँ-पोखरा-लुम्बिनी रेल पुर्याउने जस्ता अपत्यारिलो अभिव्यक्ति दिएका थिए । त्यति मात्र नभई पाँच वर्षमा नेपालका ठुला नदीमा पानी जहाज सञ्चालन हुने जिकिर गर्दै उनले संसद्को रोस्टममा उभिएर सांसदहरू जहाजको टिकट काट्न आग्रह गरेका थिए । यी यस्तै उट्पट्याङ् र तत्काल सम्भव नदेखिएका सपना बाँडेकोमा त्यतिबेला सामाजिक सञ्जालमा ओली निकै ट्रोल बने । पहिला आफैंले बोलेका कुरालाई लिएर उनलाई अहिलेसम्म पनि विपक्षीहरूले राम्रै मसला बनाइरहेका छन् । आफैंले प्रतिबद्धता जनाएका परियोजना ओलीले चार पटक प्रधानमन्त्री हुँदा समेत कार्यान्वयनको बाटोमा नपुगेको भन्दै विपक्षीहरूले अहिलेसम्म आलोचना गरिरहेका छन् ।

असारको पहिलो हप्ता चीनको जिओलोजिकल सर्भे कम्पनीले दैलेखमा पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यासको अन्वेषण कार्यको प्रारम्भिक प्रतिवेदन ओली सरकारलाई बुझाएको प्रतिवेदनमा जलजले क्षेत्र मिथेन ग्यासको विशाल भण्डारण स्थल रहेको तथ्य खुलाइएको थियो ।

२०७८ वैशाख २८ गतेदेखि सुरु गरिएको पहिलो ड्रिलिङ कार्य सम्पन्न गरी त्यहाँबाट सङ्कलन गरिएका नमुनाको परीक्षणमा एक अर्ब १२ करोड घनमिटर मिथेन ग्यासको भण्डारण रहेको पुष्टि भएको थियो । त्यही प्रारम्भिक नतिजाका आधारमा हौसिएका ओलीले ग्यास राजनीतिलाई चुनावी मुद्दा बनाएको प्रष्ट देखिन्छ ।

ओलीले आफू सरकारमा हुँदा नै गत वर्ष एक खर्ब १२ अर्ब घनमिटर मिथेन ग्यास रहेको पुष्टि भएको दाबी गरेका छन् । नमुना परीक्षण सफल भएपछि गत मंसिरमै व्यावसायिक उत्पादनको योजना सहित काम अघि बढाएको उनले जिकिर गरे । तर भदौमा नै सरकारबाट बाहिरिएपछि त्यसको काम अघि बढ्न नसकेको ओलीको भनाइ थियो ।

मंसिर अन्तिममा भएको पार्टीको ११ औं महाधिवेशनबाट तेस्रो पटक अध्यक्षमा निर्वाचित भएका ओलीलाई एमालेले भावी प्रधानमन्त्रीको रुपमा प्रस्ताव गरेको छ । यता पुराना दलको विकल्पमा खुलेको रास्वपाले भावी प्रधानमन्त्रीको रुपमा बालेन शाहलाई अगाडि बढाएको छ ।

सामाजिक सञ्जालमा युवामाझ निकै लोकप्रिय बालेन र पुराना तथा अनुभवी राजनीतिज्ञको छवि बनाएका ओलीबिचको रोचक प्रतिस्पर्धाले सिंगै देशको ध्यान अहिले झापा-५ मा केन्द्रित भएको छ ।

रातोपाटीबाट

# देवरानीको कलेजोले जेठानीले पाइन् नयाँ जीवन

काठमाडौँ । हाम्रो समाजमा सासू-बुहारी र देवरानी-जेठानीको सम्बन्धलाई त्यति प्रेमिल मानिदैन। यो तथ्य सबैमा लागू नहुन पनि सक्छ। फरक बाबु-आमाबाट जन्मिएर अर्को कुनै घरको सदस्य बन्न पुगेपछि सुरु हुने सासू-बुहारी र देवरानी-जेठानीको कतिपय सम्बन्धी प्रेमिल मात्रै हुँदैन जन्म दिने आमा जस्तै बलियो पनि हुन्छ।

पोखरा निवासी ४८ वर्षीया गंगाकुमारी थापा कुँवरलाई आफ्नै देवरानी ३७ वर्षीया सुनीता खड्का कुँवरले कलेजो दान दिएर देवरानी-जेठानीको सम्बन्धमा पनि गहिरो प्रेम हुन्छ भनेर प्रमाणित गरिदिएकी छन्।

जेठानी गंगाकुमारी थापा कुँवर लामो समयदेखि जन्डिसबाट पीडित थिइन्। अस्पताल आइपुग्दा उनको जन्डिसको मात्रा अत्यधिक बढेको थियो भने पेट फुल्ने, पेटमा पानी जम्ने, हातगोडा सुन्निने, खाना मन नलाग्ने र हिँड्न गाह्रो हुने जस्ता गम्भीर लक्षण देखिएका थिए।

नेपाल मेडिसिटीको हेपाटो-प्यान्क्रियाटो-बिलियरी तथा लिभर ट्रान्सप्लान्ट युनिटका प्रमुख प्रा.डा. उमिदकुमार श्रेष्ठका अनुसार चिकित्सकीय परीक्षणपछि उनलाई अटो इम्युन हेपाटाइटिस भएको पत्ता लाग्यो, जसका कारण लिभर सिरोसिस भई लिभर फेलियरको अवस्था आएको थियो। त्यसैले चिकित्सकहरुले उनलाई तुरुन्तै कलेजो प्रत्यारोपण गर्नुपर्ने सल्लाह दिएका थिए। कलेजो प्रत्यारोपण शल्यचिकित्सक डा.रामबाबु शाहका अनुसार विरामी थापामा अत्यधिक जन्डिस, लिभर फङ्सन टेस्ट असन्तुलित र पेटमा पानी जमेको अवस्था देखिएपछि तत्काल कलेजो प्रत्यारोपण आवश्यक रहेको निष्कर्ष निकालिएको थियो।

शुरुमा उनका दिदी, श्रीमान् तथा बुहारीको परीक्षण गरिएको भए पनि मिलान हुन नसकेपछि उनकी देवरानी सुनीता खड्का कुँवरको परीक्षण गर्दा उपयुक्त मिलान भई देवरानीको कलेजो जेठानीमा प्रत्यारोपण गरिएको थियो।

डा शाहका अनुसार कलेजो प्रत्यारोपणका लागि विरामी र अंग दान दिन चाहने व्यक्तिको रक्त समूह म्याच भएमा अंग प्रत्यारोपण गर्न मिल्ने हुन्छ। तदनुसार यी देवरानी जेठानीको पनि रक्त समूह म्याच भएपछि प्रत्यारोपण गरिएको थियो। डा शाहले भने 'केही समयअघि उहाँहरू हाम्रो ओपिडीमा आउनु भएको थियो परीक्षणका क्रममा उहाँमा कलेजो प्रत्यारोपण गर्नुपर्ने अवस्था देखियो। यसपछि हामी प्रत्यारोपणको तयारी अघि बढाएका थियौं, तर उहाँहरुको परिवारमा उहाँलाई कलेजो दिन मिल्ने चाहिँ देवरानीमा

❖ बाँकी अन्तिम पृष्ठमा

# कचनकवलमा नवजात शिशु मृत फेला

झापा, माघ २६ । झापाको कचनकवलमा नवजात शिशु मृत फेला परेको छ ।

आइतवार बिहान कचनकवल वडा नं.३ डाँगीबारी बस्ने खेलबहादुर राजवंशीको घरपछाडी परालको कुन्यूछेउमा नवजात शिशु मरेको अबस्थामा फेला परेको हो ।

हरियो कपडाको सलले बेरेर नवजात शिशु (छोरा) जन्माई सालनालसहित फ्यालिएको अबस्थामा भेटिएको थियो ।

प्रहरीका अनुसार सो नवजात शिशु खेलबहादुर राजवंशीकी छोरी बर्ष १७ की कल्पना राजवंशीको हो भन्ने बुझिएको छ । कानुनी प्रकृया पुरा गरी शिशुको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ ।

अनुसनधानको लागि कचनकवल ४ केचना बस्ने १८ वर्षीय हेम राजवंशीलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय ल्याइएको छ ।

ती किशोरी सुत्केरी रहेकीले केही दिनपछि पक्राउ गरिने प्रहरीले जनाएको छ । अवैध सम्बन्धबाट गर्भमा रहेको शिशुलाई जन्माएर ती किशोरीले फालेको जनाइएको छ ।

## उपभोक्तावादी...

नयाँ भनेर आउन लागिरहेका दलहरूले उत्पादन र आत्मनिर्भरताको खाका नल्याएसम्म उनीहरूको उदयले उपभोक्तावादी समाजमा कुनै सकारात्मक प्रभाव पार्ने देखिँदैन । बरु यसले जनतामा झन् ठुलो निराशा पैदा गर्न सक्छ ।

**रेमिट्यान्सको पुँजीकरण**

नेपालले आज भोगिरहेको श्रम पलायन र रेमिट्यान्सको समस्याबाट एक समय आजको विकसित देश दक्षिण कोरिया पनि गुज्रिएको थियो । लामो समय जापानी उपनिवेशबाट शासित भएको कोरियाले उपनिवेशबाट स्वतन्त्र भएलगत्तै आन्तरिक गृहयुद्धको सामना गर्नुपर्‍यो र अन्ततः विभाजनको तहमा पुग्यो । गृहयुद्ध र विभाजनले थलिएको दक्षिण कोरियाका युवाहरू १९६० र ७० को दशकमा जर्मनीको कोइला खानी र मध्यपूर्वी देशहरूमा सडक बनाउन श्रमिकका रूपमा गएका थिए ।

तत्कालीन कोरियाली सरकारले ती युवाहरूले पठाउने रेमिट्यान्सलाई केवल उपभोगमा मात्र खर्च हुन दिएन । बरु विदेशमा रहेका श्रमिक र त्यहाँबाट फर्किएका युवाहरूसँग एउटा ऐतिहासिक आर्थिक सहकार्यको नीति लियो र श्रमिकहरूले पठाएको पैसालाई राष्ट्रिय बैंकिङ प्रणालीमार्फत आजको विश्व चर्चित हुन्डाई र सामसङजस्ता ठुला उद्योगहरूको जग स्थापना गर्ने लगानी पुँजीको रूपमा प्रयोग गर्‍यो ।

सरकारले रेमिट्यान्स पठाउने युवाहरूको आर्थिक सुरक्षाको सुनिश्चितता गर्‍यो । उनीहरू फर्किएपछि आफ्नै देशमा उद्यम गर्न बिनाधितो ऋण र कर छुटका कार्यक्रमहरू ल्यायो । परिणामतः श्रमिकहरूको त्यही रगत-पसिनाको रेमिट्यान्सलाई राष्ट्रिय पुँजी निर्माण गर्न सफल भयो । आजको कोरियाको समृद्धिको जग त्यही ७० को दशकको रेमिट्यान्स र सरकारको सही नीति नै हो । छ दशक अगाडि, युद्ध र विभाजनको पृष्ठभूमिमा बनेको कोरियाली सरकारले त्यस किसिमको नीति लिन सकेको थियो भने छ दशक पछाडि विज्ञान प्रविधिको विकासले कायापलट मारिसकेको युगमा पुगिसक्दा पनि नेपालको सरकारले सोच्ने तरिका र आत्मसात् गर्ने नीति कति सान्दर्भिक, कति असान्दर्भिक छ भन्ने बहससमेत हुने गरेको छैन । अझ रेमिट्यान्स प्रयोगको फेहरिस्त कहालीलाग्दो अवस्थामा छ । उत्पादन र शिक्षा प्रणाली

कुनै पनि समाजको उत्पादन प्रणाली त्यसको शिक्षा प्रणालीको प्रतिविम्ब हो । विडम्बना, नेपालको शिक्षा प्रणाली र उत्पादनबिचको सम्बन्ध स्थापित हुनै सकेन । नेपालको शिक्षा प्रणालीले उद्यमी वा उत्पादकभन्दा केवल बौद्धिक मजदुर वा प्रशासक जन्माउने काम गरिरहेको छ । डिग्री पास गरेका युवाहरूमा 'म पढेको मान्छे, मैले माटो छुनु हुँदैन' भन्ने एउटा घातक मनोवैज्ञानिक त्रुटि छ । शिक्षाले श्रमप्रतिको सम्मान होइन, घृणा र वितृष्णा सिकाएको छ, जुन उत्पादक समाज निर्माणका लागि ठुलो सांस्कृतिक अवरोध हो । नेपालका विश्वविद्यालयहरू आज प्रमाणपत्र बाँड्ने कारखाना र विदेश जाने ट्रान्जिट पोइन्टजस्ता मात्रै भएका छन् । उच्च शिक्षा हासिल गरेका युवा रोजगारीकै लागि बिदेसिनुको मुख्य कारण पनि हाम्रो शिक्षाले बजारको मागअनुसार सीप दिन नसक्नु र देशमा उत्पादनको वातावरण नहुनु हो, जसले गर्दा देशका उत्कृष्ट प्रतिभाहरू पलायन भइरहेका छन् ।

शिक्षालाई उत्पादनसँग जोड्न किताबी ज्ञान मात्र पर्याप्त छैन । विकल्पका रूपमा विद्यालय तहदेखि नै व्यावहारिक सीप र उद्यमशीलतालाई अनिवार्य गरिनुपर्छ । विश्वविद्यालयहरूलाई अनुसन्धान र औद्योगिक केन्द्रहरूसँग जोडेर पढ्दै कमाउँदैको मोडलमा जानेतर्फ पहल गर्नुपर्दछ ।

कुनै पनि उत्पादनको आधार नभएको अनुत्पादक समाजमा जब उपभोगको तीव्र इच्छा हुन्छ, तब समाजमा अनेकन विकृतिहरू देखा पर्न थाल्छन् । जसले समाजलाई नैतिक र मनोवैज्ञानिक क्षयतर्फ लैजान्छ । मिहिनेत बिना छोटो समयमा धनी बन्ने लालचले ठगी, भ्रष्टाचार र आपराधिक मानसिकताले गिजोल्दै लैजान्छ । नेपालको प्रशासन क्षेत्रमा कर्मचारीले लिने घुस र सेवामा हुने झमेला यही उपभोक्तावादी भोकको परिणाम हो ।

उत्पादनमा संलग्न नहुने मानिसमा सिर्जनात्मकता हुँदैन । यसले गर्दा आम मानिसमा आक्रोश, ईर्ष्या, क्रोध र अरूको प्रगतिमा जल्ने प्रवृत्ति हाबी हुन्छ । सहयोगी भावना शून्य र भविष्यप्रति अन्योल हुनु अनुत्पादक समाजका रोगहरू हुन् । नेपाल यो रोगको सङ्क्रमणबाट अछुतो छैन, बरु रोगको सिकार हुने बाटोमा तत्पर छ ।

**उपभोक्तावादी समाजका चुनौतीहरू**

कुनै पनि देश जब उपभोक्तावादको चरम बिन्दुमा पुग्छ, उसले गम्भीर चुनौतीहरूको सामना गर्नुपर्छ । यसलाई विश्वका विभिन्न उदाहरणबाट बुझ्न सकिन्छ । अमेरिका जस्ता विकसित देशहरूमा पनि उपभोक्तावादले गर्दा नागरिकहरू अत्यधिक क्रेडिट कार्ड र व्यक्तिगत ऋणमा फसेका छन् । नेपालमा पनि उत्पादन नहुने तर उपभोग बढ्ने हुँदा राष्ट्रिय र व्यक्तिगत दुवै तहमा ऋणको भार चुलिएको छ । अत्यधिक उपभोगले स्रोतहरूको दोहन बढाइरहेको साथै विश्वका उदीयमान र शक्तिशाली देशहरूको अर्थतन्त्रमा, उपभोगको होडबाजीले प्रदूषण र फोहोर व्यवस्थापनको भयावह सङ्कट निम्त्याएको छ ।

ग्रीसजस्ता युरोपकै कतिपय देशहरूले आफ्नो उत्पादन क्षमता गुमाउँदा र केवल आयातित उपभोगमा रमाउँदा आर्थिक टाट पल्टिने अवस्था भोग्नुपरेको र आर्थिक सार्वभौमिकता गुमाउन पुगेको उदाहरणहरू छन् । नेपाल जस्तो अनुत्पादक देशका लागि यो सबैभन्दा ठुलो चुनौती हो ।

नेपालको उपभोक्तावादी समाजको भविष्य अहिले एक गम्भीर मोडमा छ । बाहिरबाट हेर्दा आधुनिक देखिए पनि भित्रबाट खोक्रो छ र उधारोको जिन्दगी बाँचिरहेको छ । युवा विदेश पठाएर उनीहरूको रगत र पसिनाको मूल्यमा विदेशी सामान उपभोग गरिरहेको छ, जुन दीर्घकालीन छैन । अब नेपालले आफ्नो मौलिक आत्मनिर्भरताको बाटोलाई आधुनिक प्रविधिसँग जोड्दै रेमिट्यान्सलाई राष्ट्रिय पुँजी निर्माणको लागि प्रभावकारी नीति अवलम्बन गर्नुको विकल्प छैन ।

आसन्न निर्वाचनले केवल अनुहार मात्र होइन, नेपालको आर्थिक चरित्र बदल्ने नेतृत्व छान्न सक्नुपर्छ । नयाँ र पुराना दुवै दलहरूले लोकप्रियतावादको सस्तो राजनीति त्यागेर र मतदाताले पनि क्षणिक लोभभन्दा माथि उठेर उत्पादक समाज निर्माणको पक्षमा उभिनु नै आजको आवश्यकता र दायित्व हो ।

बिना उत्पादनको उपभोगले विनाशतिर लैजाने कुरालाई आत्मसात् गरेर अबको राजनीतिक कार्यक्रम उपभोगका लागि आयात होइन, आत्मनिर्भरताका लागि उत्पादन हुनुपर्छ । यदि आज यो बाटो समात्न सकेनौँ भने आउँदो पुस्ताले एउटा खोक्रो, परजीवी र असफल राष्ट्र मात्र पाउनेछ । रातोपाटीबाट


सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५९०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ